## अध्ययनकर्ताको कलमबाट

नेपाल सरकारको मन्त्रिपरिषदको मिति २०७१ बैशाख २५ गतेको मन्त्रिपरिषद निर्णय सँगै निमार्ण भएका ७२ नगरपालिकाहरु मध्येको एक नगरपालिका हो कोसीहरैँचा नगरपालिका स्थानीय नागरीकहरुको नगरपालिका प्रति भएको सकारात्मक सोच सँगै पूर्वमै स्थापित र सम्भावना बोकोको नगरपालिका भए बाट सामाजिक जिम्मेवारी निवार्हको पाटोमा समेत यो नगरपालिका स्थापित हुन पर्ने कुरा दुई मत नै छैन । सोही सन्दर्भलाई अंगिकार गरी स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि २०६७ ले स्थानीय निकाय आर्थिक प्रशासन नियमावलि २०६४ को नियम २०१ (१) बमोजिम स्थानीय निकायहरूले एक आर्थिक वर्षमा समग्र सामाजिक जिम्बेवारी पूरा गरे नगरेको सम्बन्धमा लेखाजोखा गर्ने कार्यलाई व्यवस्थित गर्न सामाजिक परीक्षण कार्यविधि तर्जुमा गरेको हो । उक्त व्यवस्था अनुसार स्थानीय निकायहरूले प्रत्येक आर्थिक वर्षको प्रथम चौमाशिक भित्र अघिल्लो सालको सामाजिक परीक्षण कार्य गरिसक्नु पर्ने व्यवस्था गरिएको छ । स्थानीय निकायको सामाजिक जिम्मेवारी, त्यसलाई पालना गर्न भएको प्रयास तथा कार्यसम्पादनको लेखाजोखा गर्ने प्रकृयालाई मार्गदर्शन गर्नु यस कार्यविधिको उद्देश्य रहेको देखिन्छ ( स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि, २०६८, भूमिका) । यसले स्थानीय निकायले सामाजिक परीक्षण अनिवार्य रूपमा गर्नुपर्ने सम्मको व्यवस्था गरेको छ । यसै व्यवस्था अनुरूप कोसीहरैँचा नगरपालिकाको आ.व. २०७१/०७२ सामाजिक परीक्षण सम्पन्न गरिएको छ । स्थानीय निकायको न्यूनतम सर्त मापनमा सामाजिक परीक्षण कार्य बापतको समेत निश्चित अंक भार तोकिएको छ । सोही व्यवस्थाका कारणले पनि तिनीहरूको सामाजिक परीक्षण कार्य अनिवार्य भएको हो । यस संस्थालाई दिइएको जिम्मेवारी पूरा गर्ने क्रममा यस नगरपालिकाका कार्यकारी अधिकृत, ईन्जिनियर, लेखा प्रमुख, सामाजिक विकास शाखा प्रमुख, राजश्व प्रशासनका कर्मचारीहरु तथा यहाँका विभिन्न फाँटमा कार्यरत कर्मचारीहरु मित्रहरूको अमूल्य सुझाव, सल्लाह र सहयोग प्राप्त भएको छ । तसर्थ उहाँहरू सवै जनालाई संस्थाको तर्फबाट हृदयदेखि नै धन्यवाद दिन चाहान्छौ । यस नगरपालिका क्षेत्रमा क्रियाशिल राजनैतिक दलका प्रतिनिधी तथा समाजसेवीहरुले दिएको अमुल्य सुझाव र सरसल्लाह प्रति समेत हामी आभारी छौ । साथै कोसीहरैँचा नगरपालिकाको सामाजिक परिक्षणका लागि खटिनु भएका यस संस्थाका सबै कर्मचारीहरु प्रति समेत हामी आभारी बन्दै कोसीहरैँचा नगरपालिकाको आ.व. २०७१/०७२ को सामाजिक परिक्षण प्रतिवेदन कोसीहरैँचा नगरपालिकामा प्रस्तुत गर्दछौ ।

**नेपाल ग्रिंन लिंक फाउण्डेशन**
**ईटहरी, सुनसरी**

## पृष्ठभूमीः

समृद्ध, आधुनिक, शान्त र न्यायपूर्ण नेपालको निर्माण गर्ने संकल्प सहित सिर्जना गरीएका अनेक नीति नियम र निर्देशिका सहित संचालित स्थानीय निकायहरुलाई स्थानीय स्वायत्त शासन ऐन, २०५५ तत्सम्बन्धी नियमावली, २०५६ तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ अनुसार स्थानीय निकायहरुलाई स्थानीय जनताका लागि आवश्यक सेवा सुविधाहरु व्यवस्थित र प्रभावकारी तरिकाबाट स्थानीय स्तरमानै उपलब्ध गराउन सक्ने अधिकार दिइएको छ । नेपाल सरकारले स्थानीय निकायलाई दिने अनुदान लक्षित समुदायहरुको समग्र विकासको लागि केन्द्रीत गर्ने कुरामा विशेष जोड दिदै आएको छ । यसको लागि विशेष बजेटको समेत व्यवस्था गरेको छ । स्थानीय निकायमा जाने अनुदान रकममा पनि विगतका दिन भन्दा बढोत्तरी भएको छ । यसले स्थानीय निकायलाई अझ जिम्मेवार र उत्तरदायी बनाएको छ । जनतासंगको सबै भन्दा नजिकको भनौ घरको सरकार भनेकै स्थानीय सरकार हो जसमा मुलत नगरपालिका नागरीकको दुख बेदना अनी मर्महरुलाई नजिक बाट नियालेर सोही विषबस्तु सँग साक्षतकार भएर काम गर्ने भएबाट नागरीकहरुका आसा र अपेक्ष यो निकाय सँग बढि नै हुन्छन भने यसको दायित्व समेत सोही रुपमा बढ्ने अबश्यम्भावी देखिन्छ । स्थानीय निकाय तथा स्थानीय सेवा प्रदायकको काम कारवाहीमा पारदर्शिता र सेवाग्राहीप्रति जवाफदेहिता अभिवृद्धि गर्न र शुसासन कायम गर्नका लागि नेपाल सरकारले विभिन्न नीतिहरु अवलम्बन गर्दै आएको छ । स्थानीय स्तरमा भए गरिएको कामकारवाहीको जनताप्रति सामाजिक उत्तरदायित्व बहन गर्नकालागि अवलम्बन गरिएका विभिन्न विधि मध्ये सामाजिक परीक्षण पनि एक हो । स्थानीय निकाय आर्थिक प्रशासन नियमावलीको नियम २०१ को उपनियम (१) मा सामाजिक परीक्षण को व्यवस्था गरिएको छ । जस अनुसार “सामाजिक परीक्षण” लाई **स्थानीय निकायको योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थिक, सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्याङ्कन कार्य भनिएको छ ।** यसरी सामाजिक परीक्षण कार्यलाई व्यवस्थित तरिकाले सम्पन्न गर्नका लागि नेपाल सरकारले स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि, २०६७ जारी गरी लागू गरेको अवस्था छ । यसका साथै स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधी, २०६९ मा समेत स्थानीय निकायहरुले सामाजिक परीक्षण कार्यलाई विशेष जोड दिइएको छ । स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम २०१ ले गरेको व्यवस्था अनुसार **वर्षमा एक पटक** गर्ने प्रावधान भएको र स्थानीय निकायको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्यमा सामाजिक परीक्षणलाई एउटा सूचकको रुपमा राखिएको छ । यसले गर्दा पनि स्थानीय निकायहरू जिविस, नगरपालिका र गा.वि.स.हरू ले आर्थिक वर्ष समाप्त भएको प्रथम चौमासिक भित्र सामाजिक परीक्षण अनिवार्य शर्त बनेको छ । सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट अध्ययन पश्चात् सम्पूर्ण सरोकारवाला सहितको समावेशी उपस्थितिमा प्रस्तुत गर्न आवश्यक हुन्छ । छलफलमा उठेका सवाल र जवाफलाई समेटी सामाजिक परीक्षकले अन्तिम प्रतिवेदन तयार गर्नु पर्दछ । यसलाई स्थानीय निकायको योजना तर्जुमाको विभिन्न चरणमा, सामाजिक तथा जनसंख्या समिति र परिषद्मा समेत पेश गर्नु पर्दछ । यसरी स्थानीय निकायबाट भएका कामहरूले सामाजिक उपलब्धी कति हासिल भए सोको विश्लेषणात्मक प्रभाव सम्मको अवस्थाको आँकलन गर्न सामाजिक

परीक्षण विधि निकै प्रभावकारी हुन्छ । सामाजिक परीक्षणको सैद्धान्तिक पक्षको अनुशरण, सामाजिक परीक्षण सामाजिक परिक्षण प्रतिवेदन, कार्यविधिको महत्वपूर्ण पाटो भएकाले यसको सफल कार्यान्वयनवाट आफ्नो सामाजिक विकासको उत्तरदायित्व पूरा गर्नमा कोसीहरैंचा नगरपालिकालाई ठूलो टेवा पुऱ्याउन मद्दत गर्दछ । यसै परिप्रेक्षमा सामाजिक परीक्षण कार्यविधि २०६७ बमोजिम यस ग्रिंन लिंक फाउण्डेशन ले कोसीहरैंचा नगरपालिका को आ.व. २०७१/०७२ को सामाजिक परीक्षण गरी यो प्रतिबेदन पेश गरेको छ ।

## १. सामाजिक परीक्षणको उद्देश्यः

कोसीहरैंचा नगरपालिकाको कार्यसम्पादन स्तरलाई सुधार गर्न सहयोग पुर्‍याउनु नै यस सामाजिक परीक्षणको प्रमुख उद्देश्य हो । जसबाट नगरपालिकाले समाजमा पुर्‍याएको योगदानको मापन एवं प्रतिवेदन गर्ने कार्य सम्पादन गरिन्छ । उल्लेखित उद्देश्यका अलावा यस नगरपालिकाको सामाजिक परिक्षण गर्नुका अन्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन् ।

- नगरपालिको निवार्ह गरेको सामाजिक जिम्मेवारी निर्वाहको मूल्याङ्कन गर्ने ।
- समुन्नत समाज निर्माणको सामाजिक फाईदाहरुको समिक्षा गर्ने ।
- नगरपालिकालाई नागरीक मैत्री बनाउँदै सेवा प्रवाहलाई थप प्रभावकारी र सुलभ, भरपर्दो बनाउन समग्र कार्य सम्पादनमा सुधार ल्याउन सुझाउ दिने ।
- न्यूनतम शर्त तथा कार्यसम्पादन मापनमा वढी अंक ल्याई वढी अनुदान प्राप्त गर्न टेवा पुर्‍याउने ।

## २. समाजिक परीक्षणका आधार

कोसीहरैंचा नगरपालिकाको कार्यसम्पादनको अनुगमन, मूल्याङ्कन तथा मापन गर्नको लागि सामाजिक कार्यको प्रभावको लेखा जोखा गर्न गरिएको यो समाजिक परीक्षणको आधार देहाय बमोजिम रहेका छन् ।

- कोसीहरैंचा नगरपालिका कार्यालयको संगठन संरचना
- कोसीहरैंचा नगरपालिकाको नीति रणनीति र आगामी कार्य क्षेत्र र सोको प्रभावकारीता
- योजना, कार्यक्रम, वजेट व्यवस्थापन
- नगरपालिकाको कार्यक्षेत्र र सोको अनुगमन, मुल्यांकन
- प्रदुषण नियन्त्रण, वातावरण संरक्षण र दीगो विकासमा नगरपालिकाले खेलेको भूमीका
- सेवाग्राहीको हित एवम नागरीक मैत्री सेवा प्रवाहमा नगरपालिकाको भूमीका
- महिला, विपन्न एवं पछाडि पारिएका वर्ग, समुदायको हितका लागि नगरपालिकाले खेलेको भूमीका
- शिक्षा, स्वास्थ्य, कला, संस्कृति संरक्षण र विकासमा नगपालिकाले दिएको योगदान
- सरकारी एवम् गैह्र सरकारी, निजी क्षेत्र, नागरिक समाजप्रतिको दायित्व निर्वाह
- कोसीहरैंचा नगरपालिकाको सामाजिक योगदान ।

## ३. सामाजिक परीक्षण प्रक्रियाः

सकेसम्म परीमाणात्मक तथ्याङ्क र आवस्यकता अनुसार थप गुणात्मक तथ्याङ्को प्रयोग गरी अध्ययन विश्लेषण गरी सामाजिक कार्य सम्पादन स्थितिको मूल्याङ्कनका साथै सामाजिक योगदान बढाउन अगाल्नु पर्ने उपायहरुको समेत सुझाव उल्लेख गरी प्रतिवेदन तयार गर्नु पर्ने हुन्छ। भर्खरै नगरपालिका भएको, नगरपालिका भए पश्चात सारभूत रुपमा गर्नु पर्ने धेरै कामहरुको भएको र नागरीकहरुको नगरपालिका प्रतिको अपेक्षा समेत अत्यधिक बढ्दो रहेको परिस्थीको संयोजनलाई समायोजन गर्नु पर्नेकुराको चुनौतिका वीचमा कोसीहरैंचा नगरपालिका रहेको भए बाट यही मुख्य विषयलाई आधार लिई नगरपालिकाको सामाजिक दायित्व निवार्ह गर्नु पर्ने विषयमा केन्द्रीत रही सामाजिक परिक्षण प्रकृया अगाढि बढाईएको अबस्था छ। जस अन्तर्गत देहायका प्रक्रियालाई उपयोग गरिएको छ।

- अन्तरवार्ता
- कार्यालय अभिलेख जाँच,
- लक्षित समूह छलफलको आयोजना
- सर्वेक्षण तथा सूचना संकलन
- सरोकारवाला मुख्य सूचनादातासँगको अन्तरक्रिया
- उपलव्धी, परिणाम र प्रभाव आदि सूचकको आधारमा मूल्याङ्कन गर्ने र प्रतिवेदन गर्ने।

## ४. मस्यौदा प्रतिवेदन प्रस्तुति तथा छलफलको खाका

१. कार्यक्षेत्रको परिचय
२. स्थानीय निकायको प्राथमिकता तथा लक्ष्यहरू
३. गतवर्षको मुख्य मुख्य उपलब्धिहरू
४ यसवर्षको मुख्य मुख्य उपलब्धिहरू (सूचकहरू को आधारमा प्रस्तुत गर्ने ) :
५. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता
६ सामाजिक जिम्मेवारी बहनमा परेका समस्याहरू
७. सुधारको लागि चाल्नुपर्ने कदम तथा सुझावहरू, खुला छलफलको माध्यमबाट सहभागीहरूको प्रतिक्रिया

- स्थानीय निकायले गरेका नीतिगत निर्णय तथा प्रक्रियागत सुधारले पारेको प्रभाव सुचकको आधारमा
- स्थानीय निकायले गरेका विकास योजनाहरूमा जन सहभागिताको स्थिति
- स्थानीय निकायले समयमा सेवा सुविधा दिन सेवा दिन नसकेको अवस्थामा जनताले भोग्नु परेका समस्याहरू।

## ५. सामाजिक परीक्षण कार्यक्रमको आचार संहिता

सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन प्रस्तुत गरिने कार्यक्रममा उपस्थित आयोजक, सहजकर्ता तथा सहभागीहरूले निम्न अनुसारका आचारसंहिता पालना गर्नुपर्दछ :-

- विषयवस्तुमा मात्र केन्द्रित रही छलफल गर्ने ।
- तथ्याङ्क र सूचनाको आधारमा रही विचार राख्ने ।
- निजी वा व्यक्तिगत कुरामा टिप्पणी नगर्ने तथा व्यक्तिगत आक्षेप नलगाउने ।
- सहभागीहरूले व्यक्त गरेका विचारमा प्रतिवाद नगर्ने, प्राप्त प्रतिक्रिया, सुझाव तथा टिप्पणीलाई सकारात्मक रूपमा लिने ।
- व्यक्ति वा संस्थाको सामाजिकमर्यादा र शिष्टाचारलाई कायम राख्ने ।
- सहभागीहरूलाई विचार राख्न प्रोत्साहन गर्ने र विचारका लागि धन्यवाद दिने ।
- सामाजिक परीक्षकले बोल्ने समय दिएपछि मात्र सहभागीहरूले आफ्ना कुराहरू राख्ने ।
- बोल्दा पालै पालो बोल्ने र एउटा व्यक्तिले एकपटक मात्र बोल्ने ।
- आफ्नो कुरालाई छोटकरीमा स्पष्ट रूपमा राख्ने र बीचमा अर्काको कुरा नकाट्ने

**६. सामाजिक परीक्षणका सीमाहरु :**

सामाजिक परीक्षण निर्देशिका अनुसार सामाजिक परीक्षणको विधी अनुशरण गर्नु पर्ने देखिए पनि यस परीक्षण प्रतिवेदन तयार गर्ने क्रमसम्म आईपुग्दा सम्म तर्कसंगत पेश गरीने आधारहरुका रुपमा आधारित भई कार्यालय अभिलेखको जाँच गरिएको, मुख्य सूचनादाता सँग अन्तरवार्ता लिईएको र लक्षीत सरोकारवाला सँगको अन्तरक्रियाको आधार लिईएको छ । नगरपालिका भर्खरै निमार्ण भएको र साविक गा.वि.स.मा कतिपट डाटाहरुको रेकर्ड नभेटिएको कारणले तुलनात्मक अध्ययन गरी दिशानिर्देश गर्न कठिनाई देखिएको छ । कतिपय डाटाबैंक प्रभावकारी नहुँदाको अबस्थामा यो सामाजिक परिक्षण आधारभूत अवयवहरुको अध्ययन गर्नु परेको कारणवाट यसमा केही सिमितता रहेको हुन सक्ने कुरालाई स्वीकार गरिएको छ ।

**७. सामाजिक परीक्षण कार्य सञ्चालन प्रक्रिया** :

- सामाजिक परीक्षणको सूचना कोसीहरैंचा नगरपालिकाले सामाजिक परीक्षण हुने मिति, समय र स्थान खोली सम्वन्धित सरोकारवालाहरूलाई मौखिक टेलीफोन, पत्राचार मार्फत सूचना दिइएको थियो ।
- सामाजिक परीक्षण भेला कार्यक्रम शुरु गर्नुभन्दा पहिले उपस्थिति पुस्तिका खडा गरिएको छ ।
- कार्यक्रममा उपस्थित भएका समुदायका सदस्यहरूको उपस्थिति अभिलेख गरिएको छ ।
- कार्यक्रमलाई ब्यवस्थित रुपमा सञ्चालन गर्न कार्यक्रम तालिका अग्रिम रुपमा तयार पारि आपसी सहमतिमा सञ्चालन भएको छ ।
- सामाजिक परीक्षण कार्यक्रमको उद्देश्य, कार्यक्रम संचालन विधि, समय र आचार संहिताबारे स्थानीय निकायबाट खटाएका सहजकर्ताले कार्यक्रमका सहभागीहरूलाई जानकारी गराइएको छ ।
- सहजकर्ताल मस्यौदा विवरण भेलामा प्रस्तुत गरिएको छ मस्यौदा विवरण प्रस्तुत भै सकेपछि सहभागीहरूलाई आफ्नो बिचार राख्ने अवसर दिइएको छ ।

● सहभागीले प्रस्तुत गरेका प्रतिक्रिया तथा सुझावमाथि स्पष्ट पार्न वा जवाफ दिने कर्तव्य भएका पक्षहरुलाई जवाफ दिन लगाइएको छ ।

● सहभागीहरूबाट आएका प्रतिक्रिया तथा सुझावहरू अभिलेख गरिएको छ ।

# १०. कोसीहरैंचा नगरपालिकाको संक्षिप्त विवरण ( अनूसूची २ बमोजिम):

## १०.१ नगर परिचय:

### ❖ भौगोलिक परिचय:

पूर्वाञ्चल विकास क्षेत्रको कोसी अञ्चल अन्तर्गत पर्ने मोरङ जिल्लामा रहेका १ उपमहानगरपालिकाका अलावा ७ नगरपालिकाहरु मध्येको अत्यन्तै सम्भावना बोकेको नगरपालिका हो कोसीहरैंचा नगरपालिका । यो नगरपालिकाको भौगोलिक अबस्थिति देहाय बमोजिम रहेको छ ।

| | | | |
|---|---|---|---|
| १. | **नगरपालिकाको स्थापना** | २०७१ साल बैशाख २५ गतेको मन्त्रिपरिषद निर्णय | |
| २. | **भौगोलिक अबस्थिती** | उत्तरी अक्षांश: २६ं ३६' ३"देखि २६ ं४२' ३६" सम्म<br>पूर्वी देशान्तर ८७ं १९' १३"देखि ८७ं २४' ४०" सम्म | |
| ३. | **क्षेत्रफल** | ६४.२९ वर्गकिलोमिटर | |
| ४. | **उचाई** | ११६ देखि १६४ मिटर सम्म | |
| ५. | **सिमाना** | पूर्व | वेलवारी नगरपालिका |
| | | पश्चिम | कोसीहरैाचा नगरपालिका मोरङ नगरपालिका |
| | | उत्तर | चारकोसे झाडी |
| | | दक्षिण | बनिगामा र डंग्राहा गा.वि.स. |
| ६. | **हावापानी** | उष्णमनसुनी | |
| ७. | **राजनैतिक/प्रशासनिक विभाजन** | संघीय प्रदेश नं. | १ |
| | | विकास क्षेत्र | पूर्वाञ्चल |
| | | अञ्चल | कोशी |
| | | जिल्ला | मोरङ |
| | | जिल्ला सदरमुकाम | विराटनगर |
| | | निर्वाचन क्षेत्र | मोरङ ८ |
| | | जम्मा वडा संख्या | १५ |
| | | वडा कार्यालय संख्या | २ (संयुक्त वडा कार्यालय) |
| ८. | **कूल जनसंख्या** | ४७७२३ (जनगणना २०६८) बर्तमानको अनुमानित जनसंख्या करीव ७९००० को हाराहारी । | |
| ९. | घरधुरी संख्या | ११७२३ | |

**<u>नगरको नामाकरण:</u>**

साविक मृगौलिया, हरैंचा र ईन्द्रपुर गाविसको सयुत्त: समन्वयात्मक बैठकबाट नेपाल सरकारलाई नगरपालिका निमार्णका लागि अनुरोध गर्दा कोसीहरैंचा नगरपालिका नामाकरण सहित अनुरोध भए बमोजिम नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७१/०१/२५ गतेको निर्णयमूताविक भएको हो ।

**नगरको प्रशासनिक विभाजन:**

नगरपालिकाको कुल क्षेत्रफल ६४.२९ बर्ग किमी रहेको र यो नगरपालिका १५ वडामा विभाजन भई २ वटा संयुक्त वडा कार्यालयहरू र विराटचौमा अबस्थित नगरपालिका कार्यालयबाट सार्वजनिक सेवा प्रवाह भईरहेको छ ।

**नगरका मुख्य नदि, खोला तथा ताल तलैयाहरू सिमाना मूख्य नदिहरू:**

कोसीहरैंचा नगरपालिकामा रहेका प्रमुख खोलाहरू मध्ये लोहोन्द्रा, किस्ती खोला, झरना खोला, सुकुना, पश्चिम सिमानामा मदाहा खोला रहेका छन् ।

**तालतलैयाहरू:**

बाघझोडा, किचकगढी क्षेत्र, कालीखोला क्षेत्र मंगलस्मृति प्रतिष्ठान, भुल्के जलाधार क्षेत्र, मझुवा बांध आदी

## धार्मिक तथा पर्यटकिय स्थलहरू

| सि. नं. | धार्मिक स्थलको नाम | मेला लाग्ने दिन | प्रसिद्धिको कारण |
|---|---|---|---|
| १ | बाघझोडा पर्यटकिय स्थल वडा नं. १ | बनभोज भईरहने | सिमसार क्षेत्र |
| २ | भुल्के जलाधार संरक्षण क्षेत्र वडा नं. १२ | धार्मीक पर्यटन | सिमसार, जरूवा पानी र मन्दिर |
| ३ | काली खोला क्षेत्र वडा नं. ३ | मकर संत्रान्ती | सिमसार र मन्दिर |
| ४ | किचमगढी क्षेत्र वडा नं. १४ | इेतिहासीक, धार्मीक, सांस्कतिक क्षेत्र | ऐतिहासिक पुरातात्विक स्थान |
| ५ | साकेला थान वडा नं. २ | चण्डी पर्व आदिको समयमा | जातिय सांस्कृतिक र धार्मीक |
| ६ | ग्रामथाम धार्मीक स्थल वडा नं. १५ | धार्मीक पर्यटन | मन्दिर आदि |
| ७ | पचाम ग्राम थाम वडा नं. ५ | धार्मीक | |
| ८ | नेपाली जामे मस्जिद वडा नं. २ | ईद र बकरईदमा भेला हुने | मुस्लिम धर्मावलम्विहरूको प्रमुख मस्जिद |
| ९ | मृगौलिया ग्राम थाम | बैशाख १२ | धार्मीक स्थल |
| १० | करैवना | बैशाख १३ | धार्मीक |
| ११ | मझुवा | बैशाख १५ | धार्मीक |
| १२ | देविस्थान धार्मीक स्थल वडा नं. ६ | बैशाख पूर्णीमा | धार्मीक स्थल |
| १३ | विभिन्न क्रियासिल चर्चहरू | क्रिसमस | धार्मिक आस्था |

# कोसीहरैंचा नगरपालिकाको क्षेत्रफल, जनसंख्या र जनघनत्व २०५८ र २०६८

| सि.नं. | वडा | क्षेत्रफल | राष्ट्रिय जनगणना २०५८ | | | | | राष्ट्रिय जनगणना २०६८ | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | घर परिवार संख्या | जम्मा | पुरूष | महिला | जनघनत्व | घर परिवार संख्या | जम्मा | पुरूष | महिला | जनघनत्व/ प्रतिवर्गकिलोमिटर |
| १ | १ | ६.०४ | | | | | | १९६२ | ९१२९ | ४२११ | ४९१८ | १५११ |
| २ | २ | ५.९८ | | | | | | १२९९ | २५१७ | १३०० | १२१७ | ४२१ |
| ३ | ३ | ४.१६ | | | | | | १५०३ | ५५०९ | २८०५ | २७०४ | १३२४ |
| ४ | ४ | २.६४ | | | | | | १३०० | ५४४४ | २७२० | २७२४ | २०६२ |
| ५ | ५ | २.५१ | | | | | | ४४७ | १९३३ | ८८६ | १०४७ | ७७० |
| ६ | ६ | ४.१३ | | | | | | ५५२ | २५९० | १२१६ | १३७४ | ६२७ |
| ७ | ७ | ४.७७ | ५६७ | २३९० | ११७२ | १२१८ | ५०१ | ५८० | २६२४ | १२२० | १४०४ | ५५० |
| ८ | ८ | ५.२६ | ५४२ | २५५० | १२४० | १३१० | ४८५ | ६२६ | २५८५ | १२३५ | १३५० | ४९१ |
| ९ | ९ | ७.०३ | ४४६ | २२५६ | ११०२ | ११५४ | ३६३ | ६८६ | २९३१ | १३२३ | १६०८ | ४१७ |
| १० | १० | ६.३३ | ४५६ | २१०३ | १०२२ | १०८१ | ३३२ | ३२३ | १४१७ | ६७५ | ७४२ | २२४ |
| ११ | ११ | ३.५३ | २९९ | १३९३ | ६९३ | ७०० | ३९५ | ५३९ | २२५३ | १०८३ | ११७० | ६३८ |
| १२ | १२ | १.५६ | ४९९ | २२२१ | ११२२ | १०९९ | १४२४ | ४२३ | २३०७ | १०७३ | १२३४ | १७७९ |
| १३ | १३ | ४.९० | ४७९ | २२७२ | ११४६ | ११२६ | ४६४ | ५०४ | २२२१ | १०६८ | ११५३ | ४५३ |
| १४ | १४ | ४.७१ | ३३६ | १७३२ | ८७७ | ८५५ | ३६८ | ३८३ | २५५३ | ७९५ | १७५८ | ५४२ |
| १५ | १५ | ३.४२ | ४६२ | २३२२ | ११४४ | ११७८ | ६७९ | ५९५ | १७१० | ११९० | ५२० | ५०० |
| जम्मा | | ६४.२९ | | | | | | ११७२३ | ४७७२३ | २२८०० | २४९२३ | ७४२ |

श्रोत: नगर बार्षिक योजना २०७२ (कोहनपा)

## ६.२ नागरीक बडापत्र, २०७२

साविकका गा.वि.स.हरु मृगौलिया हरैंचा र ईन्द्रपुर सबैले नागरीक बडापत्र राख्ने गरेको पाईएको थियो भने नगरपालिका घोषणा सँगै नगरपालिकाले नागरीक बडापत्र २०७१ निर्माण गरी समय समयमा अभ्यावधिक गर्दै लगिएको छ । जनताका कामहरू सरल र शुलभ ढंगमा गर्नको लागि नागरिक बडापत्र जारी गरेको देखिन्छ । यसलाई होर्डिङ्गबोर्डमा समेत लेखेर नगरपालिकाको राजश्व उपशाखामा नगरपालिकामा अध्यधिक प्रयोगमा आउने सिफारीसहरुमा लाग्ने दस्तुरका साथै एकीकृत सम्पत्तिकरको बारेमा समेत जानकारी मूलक सूचना राख्ने गरेको देखिएको छ ।

## ६.३. नगरपालिकामा प्रस्तुत बजेट सारंश

## ६.४ कोसीहरैंचा नगरपालिका, मोरङले अवलम्बन गरेका रणनीति एवम कार्यनीतिहरु :

### क) मानव संसाधन व्यवस्थापन सम्बन्धि नीतिः

१) कर्मचारी प्रशासन सम्बन्धि बिनियमावली निमार्ण गरी लागू गरी पदपूर्ति गर्नुपर्ने दरबन्दीका पदहरुको विज्ञापन र पदस्थापना सम्बन्धी सम्पूर्ण कार्यलाई यसैबर्ष पूर्णता दिने कार्यसम्पन्न गर्न नगरपालिकालाई अधिकार प्रत्यायोजन सहित कार्य थालनी गर्ने ।

२) कार्यालयमा कार्यरत कर्मचारीहरुको कार्य विवरण अध्यवधिक गरी कार्यसम्पादन सम्फौता मार्फत कार्यालयको कामलाई सेवाग्राही मैत्री एवम जनमूखी बनाईनेछ ।

३) कार्यालयका कर्मचारीहरुको लागि खाजा समय देहाय बमोजिम व्यवस्था गरीनेछ ।

- कार्तिक १६ देखी माघ १५ सम्मका लागि प्रत्येक दिन १:०० देखी १:३० सम्म
- माघ १६ देखी कार्तिक १५ सम्मका लागि १:३० देखी २:०० सम्म ।

४) कर्मचारी प्रशासन लाई जनता प्रति जबाफदेही र उत्तरदायी तुल्याउन दण्ड र पुरस्कारको नीति अवलम्बन गरीनेछ । जस अन्तर्गत कर्मचारीको व्यक्तिगत फायलमा जनीने गरी एक जना कर्मचारीलाई उत्कृष्ट कर्मचारीको रुपमा रु १० हजार सहित पुरस्कृत गरीनेछ । उत्कृष्ट कर्मचारीको छनौटका लागि ३० अंक कार्यालयले, ३० अंक सेवाग्राहीले र ४० अंक सामाजिक संघ संस्था र राजनैतिक दलले प्रदान गर्ने छ । (जसमा कार्यालय प्रमुख सामेल हुने छैन )

५) प्रत्येक कर्मचारीलाई कम्प्यूटर तालिम, दक्षता विकास तालिम र सिकाई प्रशिक्षणको व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिने नीति अवलम्बन गरीनेछ ।

६) नगरपालिकामा कार्यरत सबै प्रकारका सबै कर्मचारीलाई बर्षमा एक पटक रु ७,५००। (अक्षरेपी रु सात हजार पाँच सय) मा नबढ्ने गरी पोशाक भत्ता उपलब्ध गराईनेछ । पोशाक भत्ता उपलब्ध गराए पछि अनिबार्य रुपमा पोशाक र परिचय पत्र सहित कार्यालययमा उपस्थित हुनुपर्ने व्यवस्थालाई कडाईका साथ कार्यान्यवन गरीनेछ ।

७) कार्यालयको कार्यबोफ, विद्यमान कर्मचारीको संख्या र नागरीकहरुको सेवा प्राप्तीको अपेक्षावीच सन्तुलन कायम गर्न कार्यालय समय र सो भन्दा बाहेक पनि काम गर्नु पर्ने देखिन्छ । यसरी कार्यालय समय भन्दा बाहेक र सार्वजनिक विदाको दिन काम गर्ने कर्मचारीलाई आन्तरिक श्रोतको २५ प्रतिशत तर्फबाट व्यहोर्ने गरी अतिरीक्त समय काम गरे वापत कार्य सम्पादन योगदानका आधारमा सुरु तलव स्केलको बढिमा ४० प्रतिशत ननाघ्ने गरी कार्यविधि निमार्ण गरी स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा १२६(६) र स्थानीय निकाय आ.प्र. नियमावली २०६४ को

नियम ३४ मुताविक हुने गरी मासिक रुपमा योगदानका आधारमा प्रोत्साहन भत्ता उपलब्ध गराउने नीति चालू बर्षदेखी प्रारम्भ गरीने छ ।

८) कार्यालयको कामको सिलसिलामा नगरपालिका क्षेत्र वा नगरपालिका क्षेत्र बाहिर काममा खटिनुपर्ने कर्मचारीलाई निजी सवारी साधन प्रयोग गरे बापत मासिक रुपमा निश्चित ईन्धन वा बैकल्पिक व्यवस्था गरी सो को लगत लाई अध्याबधिक गरीनेछ । प्राविधिक कर्मचारीलाई न्यूनतम देहाय बमोजिमको ईन्धन सुविधा उपलव्ध गराईनेछ ।

**<u>देहाय</u>**

क) ईन्जिनियरका लागि मासिक १५ लिटर पेट्रोल

ख) सव ईन्जिनियर/अमिनका लागि मासिक १२ लिटर

ग) उल्लेखीत कार्य गर्ने प्राविधिक कर्मचारी एवम् अन्य कर्मचारीलाई आफ्नो व्यक्तिगत सवारी साधन प्रयोग गरे वापत प्रतिवर्ष रु ४०००। का दरले मर्मत खर्च उपलव्ध गराईने नीति अवलम्बन गरीनेछ ।

९) स्वीकृत दरवन्दीमा स्थायी पदमा कर्मचारी पदपूर्ती गर्नुपर्दा पदपूर्ति समितिको निर्णयलाई कार्यान्वयन गरिनेछ ।

१०) नगरपालिकाका कर्मचारीहरुको आचरणलाई कार्यलय समय भित्र र कार्यालय पछि पनि सामाजिक रुपमा स्वीकारयोग्य बनाउन नगरपालिका कर्मचारी आचार संहितालाई पूर्ण परिपालना गर्न लगाईने छ ।

११) नगरपालिकामा आवश्यक पर्ने सहायक पदहरु जस्तैः ईलेक्ट्रिसियन, फोटोकापि संचालक, पाले, माली, का.स., सवारी चालक, नगर प्रहरी जस्ता पदहरुमा आन्तरिक श्रोत अनुकुल हुने गरी आउट सोर्सिङ मार्फत मात्र पदपूर्ति गर्ने नीति लाई निरन्तरता दिईनेछ ।

१२) कर्मचारी कल्याणकोषको रकमलाई प्रतिफलमूलक कार्यमा लगानी गर्न प्रोत्साहित गर्ने र कर्मचारी अवकास, उपदानमा उक्त कोषको रकमलाई प्रभावकारी रुपमा उपयोग गर्न विनियमावलीमा थप आवश्यक सापेक्षीत सुधार गर्ने नीति अवलम्बन गरीने छ ।

१३) कुनै पनि कर्मचारीलाई तलव पेश्की उपलब्ध गराईने छैन ।

१४) समय सापेक्ष रुपमा बढदो नविनतम प्रविधि र कार्यविधि, प्रकृया सम्बन्धमा कर्मचारीलाई अद्यावधिक गराउदै लैजान र उत्कृष्ट नगरपालिकाहरुको कार्यसन्दर्भमा जानकारी गराउन कर्मचारीहरुलाई अनुभव आदन प्रदान भ्रमण कार्यको शुरुवात गरिनेछ ।

## <u>ख) आर्थिक व्यवस्थापन सम्बन्धि नीतिः</u>

१) नगरपालिकाको सम्पूर्ण लेखा र राजश्वको कारोवारलाई पारदर्शी एवं उत्तरदायी बनाउने नीतिलाई निरन्तरता दिईनेछ ।

२) राजश्व बुझ्ने काम कार्यालय समय भन्दा आधाघण्टा अघि सम्म मात्र गर्ने नीति अवलमबन गरीने छ ।

३) व्यवसायकरबाट असूल भएको रकमको १५ प्रतिशत रकम बराबरको कार्यक्रम कोसीहरैंचा उद्योग बाणिज्य संघलाई साझेदारी कार्यक्रम संचालनार्थ उपलब्ध गराईनेछ

४) नगरपालिकामा सवै भन्दा बढि व्यवसाय कर तिर्ने अधिकतम ३ जना, एकीकृत सम्पत्ति कर तिर्ने अधिकत ३ जना र समग्रमा सबै भन्दा बढि कर तीर्ने १ जना कर दातालाई बार्षिक रुपमा सम्मान गर्ने नीति अवलम्बन गरीनेछ । यसका साथै १० हज्जार वा सो भन्दा माथि एकीकृत सम्पत्ती कर तीर्ने करदाताहरुलाई परिचय पत्र प्रदान गर्नुका साथै नगरपरिषदको पुस्तिकामा नीजहरुको योगदानको विवरण समावेश गरीनेछ ।

५) चालू आ.व. मा कायम रहेका र आगामी आ.व. का लागि राजश्व परार्मश समितिले राजश्व सम्भाव्यता अध्ययन तथा प्रक्षेपण प्रतिवेदन, २०७२ मूताविक सिफारीस गरेका राजश्वका क्षेत्र एवं दर लाई संशोधित सहित स्वीकृत गरी कार्यान्वयन गरीनेछ ।

६) नगरपालिका लाई तिर्नु, बुझाउनु पर्ने कुनै पनि प्रकारको राजश्व बक्यौता भएको वा बेरुजु भएको व्यक्ति, संघ संस्था, फर्म, कम्पनीलाई बक्यौता नवुझाए सम्म वा फर्छयौट नगरेसम्म नगरपालिकाले प्रवाह गर्ने कुनै पनि प्रकारको सेवा उपलब्ध नगराउने नीति कडाईका साथ अवलम्बन गरीने छ ।

७) घरबहाल कर असूलीलाई कडाईका साथ कार्यान्यवन गरीनेछ ।

८) लेखापरीक्षणबाट देखिएका सैद्धान्तिक बेरुजुलाई फर्छयौट गरी कानूनी रुपमा सुधारमुलक बनाईने छ ।

१०)विगत लामो समयदेखि व्यवसाय/उद्योग संचालन गरी आएका व्यवसायी/ उद्योगीहरुले व्यवसाय दर्ता एवं नवीकरण नगराई संचालन गरिरहेका उद्योग/ व्यवसायको साविक अवस्था देखिनै कर असुलीको दायरामा ल्याउने कार्यलाई उद्योग बाणिज्य संघको सहकार्य र समन्वयमा अघि बढाईनेछ ।

११) व्यवसाय करको श्रेणी र घोषित पूंजीको सन्दर्भमा द्विविधा उत्पन्न हुन गएमा नगरपालिकाले टोली खटाई स्थलगत अध्ययन गरी वा आन्तरीक राजश्व कार्यालय वा अन्तशुल्क कार्यालय वा अन्य सरकारी निकाय सँग छानविन गरी एकिन गर्न अनुरोध गरी सो को निर्क्यौल पछि तोकिएको दरमा कर असुल गरीनेछ ।

१२) उपभोक्ता समितिहरु र साझेदारीसंस्था मार्फत साझेदारीमा सम्पन्न हुने कार्यमा प्रयोग हुने बीलभरपाई सम्बन्धी कारवाहीमा प्रचलित नियमलाई यथोचित रुपमा पालना गरिनेछ ।

## ग) भौतिक पूर्वाधार सम्बन्धि नीतिः

१) नगरपालिका क्षेत्रमा सडक कालो पत्रे गर्ने, ड्रेन निर्माण कार्यमा न्यून्तम पचास-पचास प्रतिशत सहभागिता एवं अन्य, सडक चौडा पार्ने कार्य, कर्ल्भट निर्माण गर्ने, वा अन्य सोही प्रकृतिका भौतिक र सामाजिक पूर्वाधार निर्माण कार्यमा न्यून्तम सत्तरी-तीस प्रतिशत सहभागिताका आधारमा कार्यसम्पादन गर्ने नीतिलाई निरन्तरता दिईनेछ । यसरी सहभागिता मूलक आयोजना छनौट गर्दा बढि सहभागिता हुने आयोजनालाई प्राथमिकता दिईने छ ।

२) नगर भित्रका भित्री सडकहरुको चौडाई तोकिएको भवन निर्माण मापदण्ड बमोजिम हुने गरी न्यून्तम चौडाई २० फिट ढल सहित कायम गरीने छ । अन्य व्यवस्था तोकिए बमोजिम हुने छ ।

३) उपभोक्ता समितिको लागत सहभागितामा संचालन हुने आयोजनाहरुमा उपभोक्ताले व्यहोर्नु पर्ने दायित्व रकम बैंक खातामा जम्मा गर्ने एवं सम्झौता बमोजिम सम्पन्न भएको कामको मूल्यांकन गरी मूल्यांकित रकममा जन-सहभागिता बापतको रकम घटाई बाँकी रकम मात्र भूक्तानी दिने नीति अवलम्बन गरीने छ । शुन्य पेश्की प्रणालीलाई निरन्तर रुपमा अबलम्बन गर्दै लगिने छ ।

४) तीन लाख भन्दा बढिका प्रत्येक आयोजनाहरु आयोजना स्थलमा आयोजनाको विवरण खुलेको होडिङ्ग बोर्ड राखिने छ ।

६) बार्षिक कार्यक्रममा नपरेका कुनै पनि आयोजना सम्पन्न गर्नू परेमा विद्यमान श्रोतको उपलब्धता र आयोजनाको औचित्यता एबम् स्थानीय आवश्यकता आदिका आधारमा नगरपालिका बोर्डबाट निर्णय गरी गर्ने अधिकार नगरपालिका बोर्ड लाई प्रत्यायोजित गरिएको छ ।

७) नगरपालिकाबाट लागत अनूमान तयार गर्दा जन-सहभागिता र नगरपालिका अनुदानलाई दृष्टिगत गरी सो रकमले भ्याउने कार्यको मात्र लागत अनूमान तयार गरी सम्झौता गरीने छ ।

८) कालोपत्रे सडक निमार्ण गरे पछि उपभोक्ता द्वारा सडकको दुवै भागमा वृक्षारोपरण वा गमला व्यवस्थापन गर्ने कार्य लाई अनिवार्य रुपमा लागू गरिने छ ।

९) प्रत्येक वर्ष उत्कृष्ट कार्य गर्ने ३ वटा उपभोक्ता समितिलाई पुरस्कृत गर्ने नीतिलाई निरन्तरता दिईनेछ । साथै उत्तकृष्ट उपभोक्ता समितिसंग सम्वन्धीत वडा लाई आगामी आ.व.को वजेटमा ३,००,०००। का दरले थप वजेट उपलब्ध गराईनेछ ।

१०) फोहोर मैलाको व्यवस्थापन सम्बन्धि काम सार्वजनिक नीजि साझेदारीको अबधारण अन्तगर्त संचालन गर्ने नीतिको पूर्णरुपमा अवलम्बन गरीने छ ।

१२) विकास व्यवस्थापनको कामलाई विपद न्यूनिकरण एवम् वातावरण मैत्री ढंग बाट अवलंवन गर्ने निति अधिकार गरीने छ ।

१३) पुंजीगत बजेटमा मर्मत सम्भार कोषका लागि मर्मत संभार कोष निर्देशीका बमोजिम कट्टा गरी राख्ने र सो रकम तोकिए बमोजिम खर्च गर्ने नीति अवलम्बन गरीने छ ।

१४) नगरस्तरीय भु-उपयोग नीति तथा एकीकृत शहरी विकास योजना तर्जूमा गरी कार्यान्वयन गरिनेछ ।

१५) प्रचलित मापदण्डको अधिनमा रही जग्गा एकिकरण तथा जग्गा विकास सम्बन्धि कार्यक्रम संचालन गर्न अनुमति लिनुपर्ने नीति कडाईका साथ लागू गरिने छ ।

१६) नेपाल सरकारको वस्तीविकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मार्गदर्शन, २०७२ लाई स्वीकारीय रुपमा स्वामित्व लिदै पूर्ण रुपमा कार्यान्वयन गर्न जोड दिईनेछ ।

१७) भवन/घर निमार्ण व्यवसायी/ठेकेदार/डकर्मीहरु लाई प्रदान गरिने भूकम्प प्रतिरोधात्मक भवन निमार्ण तालिमको निरन्तरता दिईनेछ एवं नगरपालिकाको व्यवसायिक प्रमाण-पत्र लिएका व्यवसायी/ठेकेदार डकर्मी बाहेकले भवन/घर निमार्ण गरेको सन्दर्भमा छानविन गर्न अनुगमनटोलीको व्यवस्था गरिनेछ ।

१८) पूर्वाधार निमार्ण लगायतका क्रियाकलापमा सम्बन्धित समाजका लाभान्वित ७५ प्रतिशत नागरीकहरूको निर्णय बमोजिम गठन भएको उपभोक्ता समितिले आर्थिक सहभागिताका लागि गरेको निर्णय वा सडकको लम्वाई चौडाई व्यवस्थित गर्ने सन्दर्भमा गरेको निर्णय नमान्ने सम्बन्धित जो कोहीको सार्वजनिक सेवा रोक्का गर्नका लागि निवेदन प्राप्त भएमा नीजले स्थानीय उपभोक्ताको निर्णय बमोजिमको सहभागिता नजनाए सम्म नीजलाई नगरपालिका बाट कुनै पनि प्रकारको सार्वजनिक सेवा प्रवाह नगर्ने नीति अवलम्बन गरीने छ ।

१९) सडक कालोपत्रे गर्दा दुवै तर्फका उपभोक्ताको दीगो खानेपानी व्यवस्थापनलाई मध्यनजर गर्दै सडकको दुवै तर्फ खानेपानी पाईप व्यवस्थापन गर्नु पर्ने नीतिलाई कडाईका साथ कार्यान्वयनमा ल्याईने छ ।

## घ) जलवायू परिवर्तन अनुकुलन तथा वातावरण संरक्षण सम्बन्धि नीतिः

१) बातावरण मैत्री स्थानिय शासन प्रारुप २०७० लाई कार्यान्वयन गर्ने नीति अवलम्बन गरीने छ ।

२) घर नक्सा पासमा एक घर दुई विरुवा नीति तथा नविकरणीय उर्जा जडान कार्यलाई तोकिए बमोजिम प्राथमिकताका साथ कार्यान्वयनमा ल्याईने छ ।

३) विकासका पूर्वाधार कार्यक्रम संचालन गर्दा रुख विरुवा कटान गर्नुपर्ने भएमा १ रुख बराबर ४ विरुवा थप रोप्ने गरी कार्यक्रम संचालन गर्ने नीतिलाई निरन्तरता दिई अवलम्बन गरिनेछ ।

४) जलाधार संरक्षण र भूमिगत जलश्रोतको संरक्षण एवं दिगो उपयोगलाई प्रवर्द्धन गरिनेछ ।

५) वातावण मैत्री विकास पूर्वाधारलाई दिगो बनाउन टोल विकास समितिको विस्तारका लागि निर्देशिका बमोजिम टोल विकास संस्था गठन गर्ने नीति अवलम्बन गरीने छ ।

७) स्वच्छ वातावरण र जलबायू अनूकुलित विकास व्यवस्थापन गर्न स्थानीय सरोकारवाला तथा उपभोक्ता समिति लाई अभिमुखीकरण र सचेतना कार्यक्रम संचालन गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

## ङ) खानेपानी, सरसफारई तथा स्वास्थ्य सम्बन्धि नीति :

१) नगरस्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समितिका क्रियाशिलतामा कार्य योजना निर्माण गरी चालू आ.व. भित्र नगरपालिकाका सबै वडालाई खुला दिशा मुक्त क्षेत्र घोषणा गरिने छ र पूर्ण सरसफाई तर्फ नगरपालिकाले साझेदार निकायहरु संग समन्वय गरी कार्य बढाउने नीति अवलम्बन गर्नेछ ।

२) नगरको फोहोर मैला व्यवस्थापन गर्ने कार्यलाई सार्वजनिक नीजि साझेदारीको माध्यम बाट व्यवस्थापन गर्ने नीतिलाई कार्यान्वयन गरीने छ ।

३) नगरपालिकाले स्थानीय सरकारको दायित्व निर्वाह गर्दै मासु तथा अन्य खाद्य पदार्थहरुको अनूगमन र व्यवस्थापन कार्यलाई सरोकारवालाहरुसंगको सहकार्यमा चालु आ.व.देखिनै आरम्भ गर्ने नीति लिने छ ।

४ पशु वधशाला निर्माण र व्यवस्थापनलाई उद्योग वाणिज्य संघको साझेदारीमा अघि बढाईनेछ ।

५) फ्याकिएका प्लाष्टिकजन्य सामाग्रीको पुन प्रयोग गरी व्यवसायिकीकरण गर्न सीपमूलक तालिम प्रदान गर्नेनीति अबलमबन गरीने छ । यसबाट कोसीहरैंचालाई प्लाष्टिक मुक्त गर्ने अभियानमा सहयोग पुग्ने छ ।

६) नगरक्षेत्रका नागरिकहरुको स्वास्थ्यमा पहुच अभिबृद्धि गर्न नगरस्तरीय शहरी स्वास्थ्य क्लिनिकको प्रवर्द्धनमा जोड दिईनेछ भने सो का लागि चालू आ.व. बाट चिरमस्मृति प्रतिष्ठानमा स्वास्थ्यकर्मिको व्यवस्था गरी स्वास्थ्य सेवा प्रवाह गर्ने नीति अवलम्बन गरीने छ ।

७) घरमै फोहोर विसर्जन र अतिरिक्त आय प्रवर्द्धन गर्ने कार्यमा टोल विकास संस्थालाई क्रियाशिल बनाईनेछ ।

८) महिला स्वास्थ्य स्वयम् सेविका हरुको क्षमता विकास एबम् उत्प्रेरणा जगाउन महिला स्वास्थ्य स्वयम सेविका अक्षयकोष स्थापना गर्ने नीति लिईनेछ ।

९) महामारी तथा संक्रामित रोगविरुद्ध रोकथामको पूर्व तयारी कार्यक्रमलाई जोड दिईनेछ । चालू आ.व. बाटै मच्च्चड विरुद्धको औषधि नगरपालिकाका हरेक वडाहरुमा प्रारम्भ गरीने छ ।

१०) फोहोरमैला व्यवस्थापनका लागि Zero weast Managrment र Resource Recorvercy Center को अवधारणलाई आत्मसाथ गर्न सरोकारहरुको साझेदारीमा काम गर्ने नीति अवलम्बन गरीने छ ।

११) चालु आ.व.मा नगरपालिकाको निश्चित क्षेत्रलाई सफा क्षेत्र घोषणा गर्ने र स्थानीय स्वैच्छिक स्वयमसेवी संघ/संगठनको निमार्णमा जोड दिने नीति अवलम्बन गरीने छ ।

## च) यूवा तथा खेलकुद सम्बन्धि नीतिः

१) नगर स्तरीय खेलकुदका विकासका लागि नगरस्तरीय खेलकुद विकास समितिको पूर्णता दिन आवश्यक सहयोग गरिनेछ ।

२) वातावरण मैत्री, सफा, सुन्दर र हरितनगरको रुपमा कासीहरैंचा नगरपालिकालाई स्थापित गर्न यूवास्तरीय संघसंस्थाहरु संग सहकार्य र साझेदारीलाई प्रोत्साहन गर्ने नीति लिईनेछ ।

३) लागू औषध, दुर्व्यसनी तथा अन्य कुलतमा फसेका यूवाहरुलाई पुर्नस्थापनाको लागि आवश्यक कार्यक्रम तयार गरी लागू गर्ने नीति लिईनेछ ।

४) यूवाहरुलाई सीप तथा तालिमको माध्यमबाट स्थानीयस्तरमा रोजगारी प्रवर्द्धन हुने गरी आवश्यक सहयोगका कार्यक्रमहरु संचालन गरिनेछ ।

५) खेलकुदको विकासका लागि खेलकुद सामाग्री उपलब्ध गराउने कार्यमा विद्यालय तथा नगरस्तरीय संस्थागत क्लब, संस्थासंग साझेदारी गरी आधारभूत रुपमा आवश्यक सामाग्रीको प्रबन्ध गर्ने नीति लिईनेछ ।

## छ) सामाजिक समावेशीकरण सम्बन्धित नीतिः

१) महिला, आदिवासी, दलित, पिछडाबर्ग लगायतका लागि विशेष लक्षित कार्यक्रमको व्यवस्था गरीने छ ।

२) वालबालिकाको लागि चिल्ड्रेनपार्क निमार्ण र संचालनमा सहयोग गर्ने नीति अवलम्बन गरीने छ ।

२) असहाय तथा अपांग तथा सडक बालबालिकाको जोखिम न्यूनिकरणमा तथ्यांक अध्यावधिक गरिने छ ।

३) नगरस्तरीय महिला, अपांगता समन्वय समितिलाई शसक्तिकरण गरिनेछ ।

४) बालमैत्री स्थानिय शासन प्रवर्द्धनलाई प्रोत्साहित गरिनेछ ।

५) नगरस्तरीय महिला, आदिबासी/जनजाति, अपांगता, दलित समन्वय समितिलाई क्रियाशिल बनाउदै लैजाने नीति लिईनेछ ।

६) अपांगता भएका व्यक्तिको लागि दिवा सेवा केन्द्र संचालन गर्ने निकाय भएमा सहयोग गर्ने नीति लिईनेछ ।

७) जेष्ठ नागरिक दिवा सेवा आश्रम निमार्णका लागि जोड दिईनेछ ।

८) सामाजिक सुरक्षा भत्ता विवरण अद्यावधिक गर्दै कम्प्यूटर प्रणालीमा व्यवस्थित गर्ने र बैक बाट सामाजिक सुरक्षा भत्ता विवरण गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

## ज) धर्म, शिक्षा, संस्कृति, साहित्य, कला र पर्यटन विकास नीतिः

१) नगरस्तरको सामूदायिक विद्यालयको पूर्वाधार विकास तथा गुणस्तर सुधारका लागि नगर शिक्षा समितिलाई क्रियाशिल बनाई विद्यालयको समग्र विकासमा जोडदिदै लैजाने नीति लिईनेछ ।

२) उत्कृष्ट शैक्षिक कार्यको नतिजाको आधारमा नगरस्तरीय सामूदायिक विद्यालय, शिक्षकलाई तोकिएको मापदण्डका भित्र रही नगर शिक्षा समितिको सिफारीसमा पुरस्कृत गर्ने नीति लिईने छ ।

३) नमुना शिक्षा कार्यक्रम मार्फत विद्यालयलाई रणनीतिक योजना कार्यान्वयनमा सहयोग गर्ने नीति लिइनेछ ।

४) यस नगरपालिका क्षेत्रभित्रका कलाकार एवं साहित्यकारको सृजनालाई उपयोग गर्ने गरी प्रोत्साहन गरिनेछ ।

५) यस नगरबाट प्रवेशिका परीक्षामा सबैभन्दा बढि अंक प्राप्त गर्ने सामुदाय तथा संस्थागत विद्यालयका छात्र छात्रालाई सम्मान तथा प्रोत्साहन गर्ने नीति अवलम्बन गरीने छ ।

६) नगरपालिका भित्रका विभिन्न जात, जाति, भाषाभाषि, कला, साहित्य र संस्कृतिको संरक्षण र समबर्द्धन गर्न आवश्यक बजेटको प्रवन्ध गर्ने नीति लिईने छ ।

७) यस क्षेत्रमा रहेका बाघझोडा सिमसार, भुल्के जलाधार, कालिखोला जलाधार एवम ऐतिहासीक किचमगढी क्षेत्रको विकासमा विशेष ध्यान दिने नीति अवलम्बन गरीने छ

८) नगरपालिकामा पर्यटकीय मनोरञ्जनको विकासका लागि सार्वजनिक जग्गाको संरक्षण गर्ने हेतूले खुल्ला क्षेत्रको रुपमा रहेका स्थानहरुमा पार्क तथा उद्यान निर्माण गर्ने नीति लिईनेछ ।

९) यस नगर भित्रका सामुदायिक विद्यालय मध्ये प्रवेशीका परिक्षामा उत्तकृष्ट नतिजा हासिल गर्ने विद्यालयलाई पूर्वाधार निर्माणकालागि ३,००,०००। प्रदान गरिनेछ भने जिल्ला र प्रदेश प्रथम भएमा ६,००,०००। र १५,००,०००। प्रदान गरिने निती अवलम्वन गरिनेछ ।

## झ) सुशासन एवम् पारदर्शिता प्रवर्द्धन सम्बन्धि नीति :

१) नगरपालिकाको प्रत्येक गतिविधिलाई पारदर्शी, उत्तरदायी, जनमुखी बनाउने नीति लिईनेछ ।

२) नगरपालिकाको आफ्नै वेवसाईड (www.koshiharaichamun.gov.np) संचालनलाई व्यवस्थित गरिनेछ र नगरपालिकाका गतिविधीहरु लाई वेवसाईड मार्फत समेत सार्वजनिक गर्ने कार्यको थालनी गरिनेछ ।

४) नगर सूचना केन्द्रको स्थापना र विकास गर्न IT जानकारवाट सेवालिने नीति अवलम्बन गरीने छ ।

५) यस नगर क्षेत्र लाई आधार बनाई पत्रकारीता गर्ने पत्रकारहरु मध्ये एक जनालाई बार्षिक रुपमा पुरस्कृत गर्ने नीति अबलम्बन गरीने छ ।

६) नगरपालिकाले आफ्ना गतिविधीहरुको सन्दर्भमा सार्वजनिक सुनुवाई र सामाजिक परिक्षण गर्ने नीति लाई निरन्तरता दिईनेछ ।

७) नगरपालिकाको कामकारबाहीमा नागरिक बडापत्रलाई डिजिटलाईज्ड गर्दै लगिनेछ ।

८) नगरपालिकाको आयव्यय विवरण स्थानिय पत्रपत्रिका मार्फत सार्वजनिक गर्नुका साथै बार्षिक रुपमा सरोकारवालाहरुको समेत उपस्थितिमा बार्षिक समिक्षा गर्ने र समिक्षा बाट आएका सुझावहरुलाई आत्मसाथ गर्दै थप सुधार गरी अगाडि बढ्ने नीतिलाई निरन्तरता दिईने छ ।

९) नगरपरिषदले स्वीकृत गरेका राजश्वका दररेटहरु र आयोजनाहरुको विवरण पुस्तक प्रकाशन, रेडियो एवम पत्रिका मार्फत सार्वजिनक गर्ने नीति अवलम्बन गरीने छ ।

१०) आयोजनाहरुको आयोजना स्थलमा नै सार्वजनिक जानकारीको लागि होडिङ बोर्ड राख्ने व्यवस्थालाई कार्यान्वयन गरीने छ ।

११) चालू आ.व. भित्र नै नगर पार्स्व चित्र एवम बृत्तचित्र निमार्ण गर्ने नीति अवलम्बन गरीने छ ।

## ञ) विविध:

१) सार्वजनिक जग्गाहरुको विवरण तथा लगत अध्यावधिक गरी सो को संरक्षणमा सरोकारवालहरुसंग सहकार्य गर्ने नीति अवलम्बन गरीने छ । सार्वजनिक सम्पत्तीको संरक्षण गरिनेछ ।

२) कान्जीहाउस, पशुबधशाला व्यवस्थापनमा जोड दिईनेछ ।

३) नगरपालिकाक्षेत्रभित्रका खतरा उत्पन्न गर्ने रुखहरु कटान गरी बन तथा सडकलाई हस्तान्तरण गरिनेछ ।

४) छाडा पशुपंक्षीको नियन्त्रण गरी जरिवाना गर्ने र लिलामगर्ने नीतिलाई कार्यान्वयन गरिनेछ ।

५) बारुणयन्त्र संचालनको लागि ईटहरी उ.म.न.पा.संग सहकार्य गरी स्वामित्वसहित लागत साझेदारीमा संचालन गर्न आवश्यक नीति लिईनेछ ।

६) नगरपालिका क्षेत्रभित्र जनस्वास्थ्यलाई प्रतिकूल असरपर्ने वस्तुविक्रि वितरणलाई रोक लगाउने नीति अबलम्बन गरीने छ ।

७) नगरक्षेत्रको व्यापारिक स्थानहरुमा उद्योग बाणिज्य संघ र नागरीकहरु सँगको साझेदारीमा सौर्य उर्जा बाट संचालन हुने सौर्य स्ट्रिट लाईटको व्यवस्था गर्ने नीतिको अवलम्बन गरीने छ ।

८) नगरको विकासलाई व्यवस्थित, गतिशील र दीगो बनाउन एकिकृत शहरी विकास योजना निमार्ण गर्ने र ढल व्यवस्थापन गुरुयोजना निमार्णको कार्यलाई तदारुकता दिने नीति अवलम्बन गरीने छ ।

९) नगरपालिका क्षेत्रभित्र सिटी बस संचालनको लागि निजी क्षेत्रलाई आर्कषित गरिनेछ ।

१०) नगरपालिका क्षेत्रभित्रको प्राकृतिक श्रोतको संरक्षणका लागि आवश्यक रणनीतिको निर्माण गरिनेछ ।

११) यस नगरपालिका भित्र कृषि उत्पादनलाई प्रोत्साहित गर्न एक शहर एक उत्पादनलाई प्रोत्साहित गरी नगर पहिचानको बजारीकरण गर्ने नीति लिईनेछ ।

१२) नगरपालिका क्षेत्रमा रहेको रिक्सा तथा सिटीरिक्साको पाकिङ्ग स्टेन र भाडा दर निर्धारण गर्ने कार्यलाई कडाईका साथ कार्यान्वयन गर्ने नीति अवलम्बन गरीने छ ।

१३) मिति २०७१ कार्तिक २ गते संघीय मामिला तथा स्थानिय विकास मन्त्रालय र यस नगरपालिका वीच भएको कार्य सम्पादन सम्झौता बमोजिम कार्यगर्ने एवम् नगरले सम्झौतामा उल्लेखीत नतिजा हासिल गर्न नगरपालिकाका गतिविधहरु लाई सम्झौता उन्मूख एबम् नागरीक उत्तरदायी बनाउने नीति अवलम्बन गर्ने छ ।

१४) महिलाको सम्पती माथिको स्वामित्व वढाउन सहयोग पुगोस भन्ने हेतुले महिलाको नाममा घर नक्सा पास गर्दा लाग्ने शुल्कको १० प्रतिशत छुट प्रदान गरिने निति लिईनेछ । यो ब्यावस्था आगामि आ.व वाट लागु गरीने छ ।

## ६.५ गत आ.व. २०७१/०७२ का मुख्य उपलब्धीहरु

### संगठन विकास, सूचना तथा संचार प्रविधि र सेवा प्रवाह क्षेत्र

### सूचना प्रविधि

सूचना प्रविधिको प्रयोगलाई आत्मसाथ गर्दै विद्युतिय सुशासनको प्रत्याभूती नगरवासीमा दिलाउने उद्देश्यले आय राजश्व, खर्च लेखा र व्यक्तिगत घटना दर्तालाई सफ्टवेरमा आवद्द गरी सार्वजनिक सेवालाई चुस्त छिटो छरीतो र प्रविधी मैत्री बनाउने प्रयत्न सुरू गरीएको छ । चालू आ.व.मा घरनक्सालाई सफ्टवेयर प्रणालीमा व्यवस्थित गर्ने । आन्तरीक नेटवेरकिङ प्रक्रियालाई प्रत्येक वडाहरूमा राख्न प्रारम्भ गर्ने । लगायतका सूचना प्रविधिलाई आत्मसाथ गर्ने खालका कामहरूको प्रारम्भ गर्ने क्रममा छ भने नगरपालिको वेवसाईड www.koshiharaichamu.gov.np समेत संचालनमा आई सकेको छ ।

### प्रशासनिक क्षेत्रमा प्रक्रियागत सुधार

सूचना प्रविधिको प्रयोग, सहायता कक्षको व्यवस्था, नागरीक बडापत्रको व्यवस्था गुनासो सुन्ने अधिकारीको व्यवस्थाका साथै सूचना अधिकारीको समेत व्यवस्था, विकास आयोजनाहरूको उपभोक्ता समितिको आर्थिक साझेदारीमा कार्य गर्ने व्यवस्था सार्वजनिक परिक्षण, सामाजिक परिक्षण र प्रत्येक चौमासिकमा मा नगरपालिकाले गर्ने सार्वजनिक सुनुवाई, कोसीहरैंचा नगरपालिकाका गतिविधिहरू प्रशारण गर्ने रेडियो कार्यक्रमको माध्यमबाट सार्वजनिक सेवा माथि सेवाग्राहीको सहज पहुंच स्थापीत गर्ने, प्रक्रियालाई सरलिकृत गर्ने र थप नया कार्यविधिहरूको माध्यमबाट एमसीपीएम मा अब्बल नतिजा हासिल गर्न समेत सार्वजनिक सेवा प्रवाह प्रक्रियालाई सरलिकृत र सेवाग्राही मैत्री बनाउने प्रयत्नमा नगरपालिका हरदम क्रियाशिल रहेको छ ।

### खरिद व्यवस्थापन

आर्थिक बर्ष २०७१/०७२ मा खरिद कार्य सम्बन्धि सम्पूर्ण कार्यहरू सम्बन्धि ८ वटा प्याकेजका लागि ८ वटा सूचना प्रकाशन भएको थियो । भने १ करोड ६० लाख बराबरको खदिर कार्य मूल्य अभिबृद्धि कर बाहेक गरिएको थियो । गत आर्थिक बर्षमा मुल्य अभिवृद्धि कर बाहेक १ करोड ६० लाख बराबरको खरीद सम्झौता गरीएकोमा नगरपालिकाको नयां भवनमा तोकिएको भन्दा कम रकमको टेन्डर परेको हुनाले ३७ लाख बराबरको टेन्डर रकम बचत भएको थियो ।

१० लाख भन्दा माथि गरीएका विभिन्न खरीद सम्झौता मध्ये नगरपालिकाको नयां भवनको टेन्डर आह्वान गर्दा ईटेन्डर प्रक्रिया समेत अवलम्बन गरीएको थियो ।

**पन्जिकरण, नाता प्रमाणीत तथा न्यायिक कार्यहरू**

आर्थिक बर्ष २०७१/०७२ मा १६०० वटा नागरीकता, १३९ वटा मृतकसंग नाता प्रमाणीत समेत गरी ५९३ वटा नाता प्रमाणीत र ४३ वटा नावालक सिफारीस गरीएको छ । व्यक्तिगत घटना दर्ता तर्फ जन्मदर्ता १६५४ मृत्युदर्ता २५६ विवाह दर्ता ६१८ सम्बन्ध विच्छेद दर्ता ७ र बसाई सराई दर्ता ७२४ वटा गरीएको छ । नगरपालिमा प्रमुख राजनितिक दलहरूको प्रतिनिधित्वमा गठन भएको मेलमिलाप समिति बाट नगरपालिकामा पर्ने मुद्दा तथा विवादहरूलाई मिलाउने कामलाई व्यवहारीक रूपमा गर्ने कार्यको थालनि भएकोले मुलत स्थानीय स्तरका विवादहरूमा मेलमिलाप समितिले नै व्यवस्थापन गर्ने गरेको अवस्था छ । जसमा हालसम्म १२० वटा स्थानीय विवादहरू दर्ता भई ११० वटा विवादहरूको सोहार्दपूर्ण वातावरणमा विवाद समाधान गर्ने काम भएको छ । जस अन्तर्गत भित्री जग्गामा जाने सडक तथा बाटो सम्बन्धि विवादका विषयका अतिरीक्त अंश विवाद, नागरीकता विवाद, दाम्पत्य जीवनमा आएका अनेक कठिनाई संग जोडिएका विवादहरू लगायत फोहोर व्यवस्थापन संग सम्बन्धित विवादहरूको मिलन विन्दु सहितको समाधान समेत गरेको अवस्था छ । जसले गर्दा विवादित पक्षहरूमा जीतजीतको अवस्था सिर्जना भई भाईचाराका साथमा सुन्दर र सुमधुर सम्बन्ध निमार्णका लागि समाज उत्प्रेरीत रहेको कुरा ईंगीत गर्न समेत साथ र सहयोग मिलेको अवस्था छ ।

**वित्त क्षेत्र**

आर्थिक बर्ष २०७०/०७१ मा कूल २ करोड ४३ लाख ९६ हजार ४ सय १२ रूपैया बिनियोजन गरीको थियो । सो मध्ये २ करोड २० लाख मात्र खर्च भई खर्चको प्रतिशत ९१ प्रतिशत कायम रहन गएको थियो । यसै गरी आर्थिक बर्ष २०७१/०७२ मा ७,८३,०००००। विनियोजन गरीएकोमा रू ९ करोड ७१ लाख ३२४ रूपैया आम्दानी प्राप्त भई रू ९ करोड १० लाख ४४ हज्जार ९८२ रूपैया ९२ पैसा खर्च भई ९४ प्रतिशत खर्च भएको देखिन्छ । यस बाट तुलनात्मक हिसावले खर्च गर्ने क्षमतामा बृद्धि भएको अवस्था देखिन्छ । भर्खरै नगरपालिका भएको र नागरीकहरूका अपेक्षा समेत अत्यन्त धेरै रहेको बर्तमान परिप्रेक्षमा गत आ.व. २०७१/०७२ मा भएको खर्चको प्रतिशतलाई प्रभावकारी भएको भनि मान्न सक्ने अवस्था छैन । तथापी परम्परागत रूपमा गरीदै आएको खर्च प्रणालीलाई भने आ.व. २०७१/०७२ मा गरीएको खर्च प्रणालीले तोड्ने काम अवश्य गरेको छ ।

**राजश्व क्षेत्र**

२०७१/०७२ मा १६१ लाख राजश्व प्राप्त भएको थियो । यसै गरी अनुदान बाट ४११ लाख प्राप्त भएको स्थिति थियो । घरजग्गा कर संकलनमा उल्लेख्य सुधार आएको छ । आर्थिक बर्ष २०७१/०७२ मा ४५।६७ लाख प्राप्त भएको छ जुन अघिल्लो बर्षको तुलनामा २१५ प्रतिशत थप हो । यसरी उल्लेख्य प्रगति हुनमा संस्थागत क्षमता अभिवृद्धि, प्रचार प्रसार, करको दर अनि दायराहरूलाई गरीएको व्यवस्थानका साथै नागरीकहरूको नगरपालिका प्रतिको उत्साह र चाहना समेत रहेको पाईन्छ । यसै गरी बहाल करलाई व्यवस्थित गर्ने प्रयत्न भएको भएता पनि जनशक्तिको अभावमा सो कामलाई प्रभावकारी कार्यान्वयनमा ल्याउन सकिएको छैन । तथापी नगरपालिका क्षेत्रमा संचालित प्राईभेट सेक्टरका व्यवसाय तथा कम्पनीलाई बहाल करको दायरामा समेत ल्याई सकिएको अवस्था छ ।

व्यवसाय कर आर्थिक बर्ष २०७०/०७१ को तुलनामा ८०० प्रतिशत बृद्धि भई १६।१७ लाख संकलन भएको छ । २०७१/०७२ मा मालपोत तथा भूमी कर ४५।६७ लाख संकलन भएको छ । जुन आघिल्लो आर्थिक बर्षको तुलनामा २१५ प्रतिशतले बढि हो । यसो हुनमा नगरपालिकाले

करको दर अनि दायरालाई गरीएको फराकिलोपनका साथै सफ्टवेयर सिस्टममा गरीएको बिलिङ प्रक्रिया लगायतले भूमिका खेलेको देखिन्छ ।

कोसीहरैंचा नगरपालिकामा पटके सवारी करको प्रचुर सम्भावना नभएको । गत आ.व.मा सवारी करको लागि केही प्रयासहरू भएको भए ता पनि जिल्ला विकास समिति संग समन्वय हुन नसक्दा सो कामले प्रभावकारी नतिजा दिन नसकेको अबस्था छ । पटके सवारी करको लागि पटक पटक बोलपत्र आह्वान भएको भए ता पनि कुनै पनि बोलपत्र दर्ता हनु नआएको अवस्थाले सवारी करमा नगरपालिकाले आम्दानी गर्न सकिरहेको छैन ।

**शहरी योजना क्षेत्र**

शहरी योजना क्षेत्र तर्फ विशेषत यस नगरपालिकाले आ.व. २०७१/०७२ देखि नै व्यवस्थित रूपमा काम गर्दै आएको छ । बजेट, आयोजना तथा कार्यक्रमहरू र बार्षिक कार्य योजना लगायत अन्य विषयगत नीति, रणनीति तथा कार्यनीतिहरू आबश्यकतानुसार तर्जुमा गरीएको छ । नगर प्रोफाईल बनाउने लगायतका कामहरू सम्पन्न हुने क्रममा रहेको अबस्था छ । व्यवस्थित कोसीहरैंचा निमार्ण गर्ने संकल्प मुताविक घनाबस्तिको विकास हुनु पूर्व नै व्यवस्थित शहर निमार्ण गर्नको लागि सडक, पूल, कल्भर्ट लगायतको निमार्णमा व्यवस्थित मापदण्ड तयार पारी कार्यरूप दिईएको छ । जताभावि हुने प्लटिङ कार्यलाई व्यवस्थित गर्न कामको थालनि भई सकेको छ । **जंगल भित्रको व्यवस्थित शहर** निमार्ण गर्ने संकल्प मुताविक नगरपालिमामा निमार्ण हुने नयां घरहरूको नक्सा पास गर्दा कम्तिमा २ वटा विरूपा रोप्नु पर्ने प्रावधानलाई कडाईका साथ लागू गरीएको छ । भने कालोपत्रे गरीएका सडकको दायाबाया बृक्षारोपण वा गमलामा फूल रोप्नु पर्ने कामको समेत थालनी आ.व. ७१/०७२ बाट नै भएको देखिन्छ ।

**सामाजिक विकास तथा जनसंख्या**

आ.व. २०७१/०७२ मा कोसीहरैंचा नगरपालिकाले सामाजिक विकास तथा जनसंख्या क्षेत्रमा गरेका कामहरू मध्ये निशुल्क स्वास्थ्य शिविरबाट सेवा लिनेको संख्या ५१५ रहेको छ । परिवार नियोजन सेवा बाट लाभान्वित नागरीकहरूको संख्या उल्लेख्य रहेको छ । भिटाभिन ए, पोलियो, हात्तिपाईले निवारण अभियान जस्ता राष्ट्रिय कार्यक्रममा नरपालिकाको सहयोग तथा सहभागित जनाइएको अबस्था छ । शहरी पोषण तथा समूदायमा आधारीत बालरोग एकीकृत व्यवस्थापन जस्ता कार्यक्रमहरूमा स्वस्थ्य चौकि संग समन्वय गरी विभिन्न कार्यक्रमहरू संचालन गरीएका छन् । यसै गरी आर्थिक बर्ष २०७१/०७२ मा यस नगरपालिकामा बसोवास गर्ने ७० बर्ष उमेर पुगेका १८९१ जना जेष्ठ नागरीकलाई विशेष भत्ता वितवरण गरीएको छ भने नेपाल सरकारले अपांगता परिचय पत्र उवलव्ध गराएका ११६ जनाले पूर्ण अपांगता भत्ता पाएका छन् । नगरपालिका र सो सग जोडिएका संघ संस्थाहरूको सहकार्यमा ५ वटा खेलकुद कार्यक्रमहरू संचालन भएका छन् ।

आर्थिक बर्ष २०७१/०७२ मा नगरपालिका अन्तर्गत पूर्वपश्चिम राजमार्गमा संचालनमा रहेको मासु पसल तथा मासुजन्य पदार्थहरू संग जोडिएका पसलहरूको अनुगमन गरीएको छ ।

**शहरी विकास तथा सार्वजनिक निमार्ण क्षेत्र**

आर्थिक बर्ष २०७१/०७२ मा सडक निमार्ण, ढलको व्यवस्थापन, भवन निमार्ण र प्याच वर्क सम्बन्धि १२१ वटा योजनाहरू संचालन भएका छन् । करीव ४ किलोमिटर ढल निमार्ण भई सकेको छ । करीव १२ किलोमिटर ग्राभले र ४.५ किलोमिटर कालोपत्रे निमार्ण कार्य सम्पन्न भईसकेको अबस्था छ । जनसहभागितामा आधारीत विकास कार्यक्रम तर्फ ५ करोड ३८ लाख ३८ हज्जार लागत बराबरको साझेदारीमा पूर्वाधार निमार्ण लगायतका आयोजनाहरू पुरा भएका छन् ।यसका अतिरीक्त सडक मर्मत ६ वटा योजना ( लागत १५ लाख) कार्यान्वयन गरीएको छ भने जिल्ला विकास समिति शहरी विकास डिभिजन कार्यालय, सडक डिभिजन कार्यालय र स्थानीय

उपभोक्ताहरूको साझेदारीमा ढल निमार्ण तथा ग्राभेलका साथै बस पकेट क्षेत्र निमार्ण गर्ने काम समेत सम्पन्न भएको छ ।

**सुरक्षित बस्ती विकास कार्यक्रम**

**प्रकोप**

सुरक्षित बस्ति विकास कार्यक्रम अन्तर्गत आर्थिक बर्ष २०७१/०७२ को अवधिमा १ वटा स्थानमा आगलागि नियन्त्रण गरीएको छ । नगरपालिका संग बारूण यन्त्र नभएको अबस्थामा भएको आगलागि लाई नागरीकहरूको साथ र सहयोगमा व्यवस्थापन गरीएको छ । नगरपालिकाको प्रमुख राजमार्ग पूर्व पश्चिम लोकमार्ग अन्तर्गत ढल व्यवस्थपन अन्तर्गतका काम भएका छन् । भने विराटनगर घिनाघाट मार्गको पूर्व तर्फको भागमा करीव ३ किलोमिटर ढल बनाउने कार्य सम्पन्न भए सकेको अवस्था छ । साथै नगरपालिकाले संचालनमा ल्याएका सडक निमार्ण संग सम्बन्धित आयोजनाहरूमा मुलत कालोपत्रे गर्ने आयोजनाहरूमा ढल निमार्णलाई अनिवार्य गरीएको छ । नगरपालिका क्षेत्रमा दैवी प्रकोपको कारणले मानवीय क्षत्री भएको अबस्था छैन भने मिति २०७२ बैशाख १२ गते गएको विनासकारी भुकम्पमा परी आंशिक क्षती भएको भनि निवेदन परेका घरहरूको संख्या ३७० रहेको छ भने सयुक्त वडा कार्यालय हरैंचाको भवन आंशिक रूपमा छतिग्रस्त भएको छ । वडा नं. ८ को हुलाकी सडकमा पर्ने करेवाना नजिकको पुल भुकम्पका कारण क्षतिग्रस्त हुंदा स्थानीय युवा सरोकारवालाहरूको सक्रिय सहभागितामा जिविस र नगरपालिकाको आर्थिक एबम प्राविधिक साझेदारीमा तत्काल पुन निमार्ण गर्ने काम सम्पन्न भएको ।

**भवन निमार्ण र नियमन**

आर्थिक बर्ष २०७१/०७२ मा ५३९ वटा भवन निमार्ण अनुमतिका लागि नक्सा दर्ता भएका थिए सो मध्ये ३ लाई अस्थायी घर निमार्ण अनुमति दिईएको थियो । यसै गरी गत आ.व.मा ४८४ घरधनीले स्थायी भवन निमार्ण अनुमति प्राप्त गरेका थिए । गत आ.व. मा निमार्ण सम्पन्न अनुमति पत्र लिने घरधनीको संख्या उल्लेख्य बृद्धि भई १४० पुगेको देखिन्छ । जुन अघिल्लो आर्थिक बर्षको तुलनामा झण्डै ४१ प्रतिशतले वृद्धि हो । नगरपालिका घोषणा हुनुपूर्व देखि नै साविकको ईन्द्रपुर गाविसमा नक्सा पास कार्यलाई अनिवार्य रूपमा लागू गरीएको भए ता पनि जनशक्ति र कमजोर व्यवस्थापनको मारमा नगरपालिका परेको देखिन्छ । नेपाल सरकारको मार्गदर्शन मुताविक काम गर्ने प्रक्रिया झन्झटिलो समेत भएको कारणले घरनक्सा शाखा अत्यधिक जनगुनासो आउने शाखाको रूपमा रहेको कुरालाई नगरपालिकाले प्रमुख चासो र चिन्ता र सो निराकरण गर्नु प्रमुख चुनौतिको रूपमा राखिएको छ ।

आर्थिक बर्ष २०७१/०७२ मा नक्सा पास दस्तुर बापत रू. २९५६१७९.०७ रूपैया राजश्व संकलन भएको छ भने गत आ.व.मा जरीवाना नतोकिएकोले जरीवाना बापतको रकम संकलन भएको अबस्था छैन । साथै आ.व. २०७१/०७२ मा नगरपालिका क्षेत्रमा १२ वटा घरनक्सा संग सम्बन्धित ईन्जिनियरीङ कन्सलटेन्सीहरू सूचीकृत भएको र सो पावत नगरपालिकालाई १२,१२०। दर्ता र नविकरण शुल्क गरी २१,२१०। राजश्व संकलन गरेको छ ।

**शहरी सुव्यवस्था**

शहरी सुव्यवस्था गर्ने क्रममा केही कार्यहरू सम्पादन गरीएको र केही कामहरू प्रक्रियाको चरणमा रहेका छन् । आर्थिक बर्ष २०७१/०७२ मा सडक पेटिमा गरीने व्यपार व्यवसायलाई व्यवस्थित गर्न नागरीक सचेतनाका लागि प्रचार प्रसार गर्ने कामहरूको थालनी भएको अबस्था छ भने घर तथा भवन निमार्ण कार्यलाई व्यवस्थित गर्न सडक पेटीमा सामान थुपार्ने कार्यलाई न्यूनीकरण गर्न प्रचार प्रसार गरीएको अबस्था छ । छाडा चौपायालाई नियन्त्रणको लागी छाडा चौपाया पक्रने र दण्ड जरीवाना गरी छोड्ने कार्यको थालनी भएको छ ।

**नगरपालिका/नागरीक साझेदारी क्षेत्र**

नगरपालिका र स्थानीय उपभोक्ताको सहकार्यमा नगरपालिकाले संचालन गर्ने बिकास निमार्णका गतिविधीहरू संचालित छन् । यस नगरपालिका संचालन हुने सबै आयोजनाहरूमा स्थानीय उपभोक्ताहरूको अत्यधिक आर्थिक सहयाता जुट्ने गरको अबस्था छ । गत आ.व.मा सम्पन्न भएका आयोजनाहरू मध्ये अत्यधिक जनसहभागितामा संचालीत केही आयोजनाहरूलाई तपसिलमा प्रस्तुत गरिएकोछ ।

| क्र.स. | आयोजनाको नाम | नपा बाट लागत रू | उपभोक्ता बाट लागत रू |
|---|---|---|---|
| १ | सुक्रवारे गोविन्दपुर कालोपत्रे ए, वी र सी सबै गरी (२७०० मिटर) | ३५ लाख | बाकी सबै उपभोक्ता बाट |
| २ | कोसीहरैंचा उद्योग वाणिज्य संघ मार्ग कालोपत्रे (४२२ मिटर) | ७ लाख | बाकी सबै उपभोक्ता बाट |
| ३ | सलकपुर दक्षिण भुल्के जाने बाटो कालोपत्रे (५०१ मिटर) | १० लाख | बाकी सबै उपभोक्ता बाट |
| ४ | प्रगती मार्ग कालोपत्रे (३२२ मिटर) | ७ लाख | बाकी सबै उपभोक्ता बाट |

**वातावरण संरक्षण, हरीयाली प्रवर्द्धन तथा सहरी सौन्दर्य**

वातावरण संरक्षण, हरीयाली प्रवर्द्धन तथा शहरी सौन्दर्यकरणको लागि कोसीहरैंचा नगरपालिकामा सामाजिक विकास शाखाको गठन गरीएको छ । सोही शाखामा १ जना कर्मचारीलाई जिम्मेवारी दिई सो संग सम्बन्धित सम्पूर्ण काम सोही शाखा बाट गर्ने गरीएको छ ।

फोहोर व्यवस्थापनको लागि ल्यान्डफिल्ड साईडको व्यवस्थापनमा कठीनाई भएकोले गत आ.व.मा सो संग सम्बन्धित काम गर्न सकिएन । तथापी चालु आ.व.मा पीपीपीको माध्यमबाट फोहोर व्यवस्थापन गर्ने प्रक्रिया तत्काल प्रारम्भ गरीनेछ । नगरपालिको स्वमित्वमा रहेको ल्यान्डफिल्ड साईडको लागि खरिद गरीएको जग्गा, पचाम स्कुलको छेउको जग्गा, पचाममा रहेको सार्वजनिक जग्गा र पूर्वपश्चिम लोकमार्ग खण्डमा विक्षारोपण गर्ने कार्यको थालनि गरीएको छ भने आफैले विरूवा हुर्काउने चाहने उपभोक्तालाई टोकरी उपलव्ध गराउने कामको थालनी गरीनेछ । भविश्यमा जंगल भित्रको आधुनिक, व्यवस्थित शहर निमार्ण गर्ने अभियानलाई साकार पार्न **EFLG** लागू गर्ने नीति अवलम्बन गरीने छ । गत आ.व.मा खुला दिशामुक्त क्षेत्र घोषणाका लागि अन्तिम तयारी भई सकेको अबस्था छ । चालू आ.व.मा खुला दिशामुक्त क्षेत्र घोषणा गर्ने प्लाष्टीक निशेधित नगर निमार्ण गर्नका लागि उद्योग बाणिज्य संघ संग सहकार्य गर्दै पूर्ण सफा र स्वच्छ नगर निमार्ण गर्ने नीति अवलम्बन गरेको अबस्था छ ।

## ६.६ यस आ.व. का मुख्य सामाजिक उपलब्धीहरू:

आर्थिक बर्ष २०७२/०७३ मा कोसीहरैाचा नगरपालिका मोरङमा निम्नानुसार सामाजिक उपलब्धीहरू देखिएका छन् ।

- सामाजिक सुरक्षा भत्ता वैंक मार्फत उपलब्ध गराउने परिपाटीको शुरुवात अभिलेख व्यवस्थापन कम्प्युटराइजड गरिएको छ।
- व्यक्तिगत घटना दर्ता प्रक्रियालाई सफ्टवेयर मार्फत प्रमाण पत्र वितरणमा सुधार आएको ।
- नगरपालिकामा सरसफाई सम्वन्धी समन्वय समिति गठन र ओडिएफको कार्य अन्तिम चरणमा पुगेको ।

- सडक स्तरोन्नती र मर्मत सम्भारमा विशेष प्राथमिकता दिइएको साथै नागरीक सहकार्यमा कालोपत्रे गर्ने कार्यलाई अभियानको रुपमा तिब्रता दिईएको ।
- सामाजिक क्षेत्रका विशेष सीप विकास, आयअर्जान र क्षमता विकास कार्यक्रमहरुबाट महिला, वालवालिकाहरु, र लक्षित वर्ग प्रत्यक्ष लाभान्वित भएका ।
- बृद्धहरुको लागी निर्माण हुन लागेको उत्तरार्धको घरका लागि जग्गा दाताले जग्गा दिई भवन निर्माणको अन्तिम चरणमा रहेको ।
- एक घर दुई विरुवा भन्ने नगरपालिकाको रणनीतिलाई कार्यान्वयन गर्नका लागि नयाँ निर्माण भएका भरहरुमा अनिवार्य रुपमा दुई विरुवा रोप्नु पर्ने कार्यलाई कडाईका साथ कार्यान्वयनमा ल्याइएको छ ।
- नगर क्षेत्रमा रहेका २३ बटा बाल विकास केन्द्रलाई आबश्यक सामाग्रिहरु विरण गरीएको ।
- लक्षित वर्गको क्षमता विकासको लागि लोकसेवा तयारी कक्षा संचालन गरिएको छ ।
- CFLG रणनीति तयार पारिएको छ ।
- नगर यातायात गुरु योजनालाई कार्यान्वयनमा ल्याईएको छ ।
- सार्वजनिक जग्गाको संरक्षण गरी बृक्षारोपणलाई अभियानको रुपमा संचालन गरीएको छ ।
- धुवाँ रहित चुल्हो निमार्णमा सहयोग गरेको ।
- पूर्ण खोप घोषणाका लागि अन्तिम तयारीमा रहेको ।
- सिमसार क्षेत्र संरक्षणका लागि काम गरेको ।
- बाघभ्त्कोडा सिमसारमा क्षेत्रलाई पिकनिक स्पोर्टका रुपमा विकास गर्न पिउने पानीको व्यवस्थापन गरेको ।
- प्लाष्टीक झोलाको विकल्पमा कपडाको झोला प्रयोगमा ल्याईएको ।
- अपांगता भएका एवम् हिंसामा परेका महिलाहरुको पुनस्थापनाका लागि पुनस्थापना गृह निमार्णमा सहयोग गरेको ।
- पिछगावर्गको तथ्यांक संकलन गरी लगानीका लागि आधार तयार गरेको ।

**स्वास्थ्य क्षेत्र:**

- **शिसु** स्याहार केन्द्र र बाल विकास केन्द्र व्यवस्थापन गरीएको (२३ वटा नै बालविकास केन्द्रको) । करीव ३०० जना बालबालिका लाभान्वीत ।
- महिला हिंसा विरूद्धको कार्यक्रम संचालन गरीएको । १५० जना लाभान्वित
- एच आई भि एड्स सम्बन्धि तालिम संचालन गरीएको । ३५ जना लाभान्वित
- नगरपालिका क्षेत्रमा भएका तीन ओटा स्वास्थ्य चौकीहरूको भौतिक व्यवस्थापन गरीएको ।
- चिरम स्वास्थ्य चौकीमा एक अहेव तथा एक अनमीको नियुक्ती गरी नागरीकलाई सुलभ स्वास्थ्य सेवा वितरण गरीएको ।
- महिला स्वास्थ्य स्वयम् सेविकाको क्षमता विकास कार्यक्रम संचालन । १५ जना लाभान्वित
- पाठेघर खस्ने रोग नियन्त्रण सम्बन्धि तालिम संचालन गरेको । ६५ जना लाभान्वित

- विद्यालयमा सेनेटरी प्याड वितरण सम्बन्धि तालिम संचालन गरेको । करीव १५० जना लाभान्वित ।
- करीव २०० जना बृद्धबृद्धाको निशुल्क स्वास्थ्य परिक्षण गरीएको ।
- मोरङ जिल्लामा प्राथमिक स्वास्थ्य संस्था हरैाचा आ.व. २०७२/०७३ मा उत्कृष्ट कार्य गर्ने संस्थाको रूपमा प्रथम पुरस्कार कार्य सम्पादन मुल्यांकनको आधारमा जिल्ला जनस्वास्थ्य कार्यालय मोरङ बाट ।
- हरैाचा प्राथमिक स्वास्थ्य केन्द्रमा निशुल्क डेन्टल सेवा संचालन गरीएको ।
- सुरक्षित मातृत्व कार्यक्रम एवम् गर्वपतन सेवामा हरैाचा स्वास्थ्य केन्द्र उत्कृष्ट भएको ।
- हरैाचा प्राथमिक स्वास्थ्य केन्द्रले चौवीसे घण्टा स्वास्थ्य सेवा संचालन गर्दै आएको ।

**शिक्षा क्षेत्रः**

- ९ ओटा विद्यालय भवनको भौतिक सुधार साथै नगरपालिका क्षेत्रमा भएका उत्कृष्ट तीन विद्यालयलाई पुरस्कार वितरण ।
- अन्तर माध्यमिक विद्यालय हाजिरी जवाफ प्रतियोगिता संचालन ।
- बाल विकास केन्द्रको सुधार र विकास ।
- सत्य साई आश्रमका बालबालिकालाई सहयोग ।
- लक्षीत बर्गलाई कम्प्युटर तालिम ।

**खानेपानी तथा सरसफाईः**

- नेपाल सरकारका सरसफाई दुत धुर्मुस सुन्तलिका साथमा नगरपालिका क्षेत्र भित्र रहेको राष्ट्रिय राजमार्गलाई अभियानको रूपमा सफाई कार्यक्रम संचालन गरीएको ।
- नगरपालिका लाई प्लाष्टीक मुक्त नगर घोषणा गर्न प्लाष्टीक झोलालाई निरूत्साहित गरीएको ।
- हप्ताको ४ दिन नगरपालिकाको टिपर बाट नगर क्षेत्रको फोहोर संकलन गरीएको ।
- नगर क्षेत्रमा खानेपानी व्यवस्थापनका लागि कोसीहरैाचा खानेपानी वितरण केन्द्र साग समन्वय र सहकार्य गरीएको ।
- उद्योग बाणिज्य संघ कोसीहरैाचाको सहकार्यमा नगर क्षेत्रका बजारहरूमा फोहोर संकलन गर्ने डष्टविन वितरण गरीएको ।

**बालबालिका महिला तथा समावेशी क्षेत्र :**

- महिला हिंसा विरूद्धको कार्यक्रम नगरपालिकाका सबै वडामा संचालन गरीएको ।
- लैगिक समता विकास कार्यक्रम संचालन गरीएको ।
- घरेलु हिंसामा परेका महिलाहरूको उद्धार मनोविमर्श र खवरदारी कार्यक्रम संचालन गरीएको ।
- नेतृत्व बिकास तालिम बाट ३५ जना महिला लाभान्वीत भएका ।
- उद्योषण तालिम संचालन गरीएको ।
- बालबालिका न्यृत्य तथा गायत प्रतियोगीता संचालन गरीएको ।
- नगर बाल संजालको क्षमता विकासका लागि कार्यक्रम संचालन गरीएको ।
- आमा समुह ससक्तीकरण कार्यक्रम संचालन गरीएको ।

- लक्षीत बर्गका व्यक्तिहरूलाई कम्प्युटर तालिम संचालन गरीएको ।
- आर्थिक सामाजिक रूपमा पछाडि परेका बर्गहरूको तथ्यांक संकलन तथा क्षमता विकास कार्यक्रम संचालन गरीएको ।

**जनचेतना तथा गरीविनिवारण:**

- क्षमता तथा सिप विकास कार्यक्रम सबै बर्ग समुदाय र क्षेत्र लक्षीत कार्यक्रम संचालन गरीएको ।
- सामाजिक सुरक्षा भत्ता वितरण प्रणालिलाई बैकिङ सिस्टममा रूपान्तरण गरीएको ।
- पछाडि परेका अल्पसंख्यक तथा मुस्लिम समुदायका महिलाहरूलाई विद्यालयल भर्नाको लागि प्रोत्साहन गरीएको ।
- गरीव तथा जेहान्दार विद्यार्थीलाई छात्रबृत्ति वितरण गरीएको । ३ जना
- सुकुम्बासी बस्तिमा विद्युत जडानको लागि निशुल्क सिफारीस गरीएको ।
- गरीव तथा जेहेन्दार विद्यार्थीलाई उच्च शिक्षा अध्ययनको लागि सिफारीस गरीएको । ६० जना ।
- यो आ.व.मा महिला हिंसामा परेका महिला हिंसालाई न्यूनिकरण गर्न दुई पक्षलाई झिकाई छलफल गराउने र मिलापत्रको लागि तारिकमा राख्ने गरेको छ । मेलमिलाप केन्द्रले गर्दै आएको ।
- महिलाहरुमा महिला हिंसा विरुद्ध चेतना अभिवृद्धि भई समाधानका लागि स्थानीय स्तरमा प्रयत्न शुरु भएको छ ।
- बिभिन्न सीपमुलक तथा रोजगारीमूलक तालिमहरु संचालन गरी रोजगारीमा अबिबृद्धि आएको छ ।
- बिपन्न परिवारका लागि बिभिन्न प्याकेज कार्यक्रम र छात्रबृतिको व्यवस्था, गरीबी घटाउन बिभिन्न संघसंस्थाहरुद्धारा प्रयासरत छन् ।
- नीतिगतरुपमा सम्पुर्ण जात जाति, लिंग, वर्ग, धर्म, हरुको समावेशी, अवसर, रोजगारी, अधिकारको ब्यवस्था भएको छ ।
- वातावरण सुधारकालागि ध्वनी नियन्त्रणका लागि पत्राचारमार्फत सम्बन्धित निकायहरुमा जानकारी गराउने गरेकोछ ।
- विकास व्यवस्थापन गर्ने कार्यमा दीगो विकासको मान्यता लाई आत्मसाथ गरीएको छ ।
- विभन्न नीतिबाट विकासमा समान सहभागितामा सुनिश्चितता गरिएको छ ।
- बाल संजाल, महिला संजाल, समन्वय समिति, अन्य लक्षित वर्गका उप समितिहरु मार्फत सहभागिता सुनिश्चित भएको छ ।
- नगरपालिकाकाका सडक संजालमा कमजोर देखिएका मुलत मृगौलियाका क्षेत्रहरुको सडक विस्तार र स्तरोन्नतीलाई तिब्र गतिमा अगाडि बढाईएको छ ।

- भौगोलिक क्षेत्र, महिला, पिछडिएका तथा सिमान्तकृत वर्गको स्वरोजगार र शिक्षामा पहुच बढाउन बिभिन्न सीप बिकाश तालिम, रोजगारमुलक तालिम, छात्रबृति आदि को व्यवस्था गरेको छ ।

### ६.६ संस्थागत क्षमता विकास एवम् मानव संसाधन व्यवस्थापनः

- नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई ओन द जव ट्रेनिङ मार्फत नागरीक मैत्री नगरपालिकाको सेवा प्रवाह वितरण गर्ने प्रणालिको विकास गरीको छ ।
- गुनासो सुन्ने अधिकारीको व्यवस्था मिलाईएको छ ।
- सुचना अधिकारी तोकिएको अबस्था छ ।
- प्राविधिक कर्मचारीहरुलाई समय समयमा तालिको व्यवस्था गरीएको छ ।
- अन्तर नगर सेवा प्रवाहको अबस्था अबलोकन मुल्यांकन गर्ने हेतुले अध्ययन अवलोकन भ्रमण मार्फत संस्थागत सुधारमा सहयोग पुगेको छ ।
- नगरपालिकामा जेनेरटरको व्यवस्थापन भए बाट बिधुत समस्याको सामाधान भएको,
- प्राविधिक कर्मचारीहरुलाई फिल्डमा जानको लागि नगर परिषदले निर्धारण गरे बमोजिमको ईन्धन सेवा तथा सवारी साधन मर्मतको लागि बार्षिक रु ४०००। दिने व्यवस्था गरीएको ।
- उत्कृष्ट कर्मचारी घोषणा गरी निजलाई पुरस्कार दिने व्यवस्थाको थालनी गरीएको ।
- प्रत्येक कोठामा डेक्सटप र ईन्जिनियरलाई ल्यापटप, फोटोकापी मेशिन, स्क्यानर मेशीन, सोलार आदि भौतिक व्यवस्था रहेको छ ।

## ६.७ सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा

सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखाका आधारहरू विषयगत कार्यालयसागको अन्तरक्रिया, बार्षिक प्रगति समिक्षा र अधिल्लो बर्षको सामाजिक परिक्षण प्रतिवेदन र बार्षिक प्रतिबेदनहरूको विश्लेषण गरीएको छ ।

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत बर्षको अबस्था (आ.व. २०७२/०७३ को) | प्रयासहरू | उपलव्धी |
|---|---|---|---|

| १. स्वास्थ्य | | | |
|---|---|---|---|
| ५ बर्ष मुनीका बालबालिकाहरूको शिशु मृत्युदर/बालमृत्यु दर (प्रतिहजार जीवित जन्ममा) प्रतिशत | अत्यन्त न्यून | चार पटक गर्भबती जाँच कार्यक्रम, सुडेनी स्वास्थ्य कार्यकर्ता स्थानीय स्वास्थ्य संस्थामा प्रसुती, बाल खोप, बाल पोषण लगायतका कार्यक्रम संचालन गरिएको, महिला स्वास्थ्य स्वमसेवीकाहरु मार्फत गर्भवती महिलाहरुको स्वास्थ सुधारका कार्यक्रम संचालन गरिएको, आमा समूह त्रियाशिल रहेको, गाउँ घर स्वास्थ्य क्लिनिक । | बाल तथा शिसु मृत्यदरमा न्यूनिकरण सागै चेतनाको विस्तार भएको । |
| स्वास्थ्य चौकी एक घण्टा भित्र यातायात पहुँच भएको घरधुरी संख्या | सत प्रतिशत | गाउँ घर स्वास्थ्य क्लिनिक सबै स्वास्थ्य केन्द्र, नगर क्षेत्रमा १५ वटा खोप सेवा संचालन गरिएको साथै स्वास्थ्य चौकी सम्म जानको लागि सहजता ल्याउनका पहुँचमार्गमा स्तरोन्नति | सबै नागरीकहरूमा स्वास्थ्य चौकीको पहुाच स्थापीत भएको । |
| खोपमा पहुच भएको जनसंस्या (एक बर्षमुनीका बालबालिकाको आधारमा | १०० प्रतिशत | नगरपालिकाले पूर्ण खोप नगर घोषणा गर्ने अभियानका रूपमा प्रयासहरू संचालन गरको, गाउँ घर स्वास्थ्य क्लिनिकको संचालन रहेको । | पूर्ण खोप नगर घोषणको अन्तिम चरणमा पुगेको |
| ४ पटक गर्ववती जाच गरिएको महिलाको संख्या ( प्रतिशतमा) | ८० प्रतिशत | महिला स्वास्थ्य स्वयम सेवीका परीचालन, आमा समूह परीचालन, प्रत्येक माविमा किशोरी शिक्षा मार्फत प्रचार, प्रत्येक वडामा वडा स्तरीय शहरी स्वास्थ्य क्लिनिकको स्थापना, सुकना कलेजका विद्यार्थीहरूले फील्ड वोर्क मार्फत गरेको प्रचार प्रसार, नगरपालिकाले आफ्ना कार्यक्रमहरूमा गरेको प्रचार प्रसार, गाउँ घर स्वास्थ्य क्लिनिक स्वास्थ्य संस्थाले गर्ने विभन्न कार्यक्रममा प्रसार प्रसार । | मातृमृत्यु र शिशु मृत्युदरमा कमी आएको । |

| | | | |
|---|---|---|---|
| दक्ष प्रसुतीकर्मीबाट प्रसुती गरिएका महिलाको संख्या प्रतिशतमा | ७१ प्रतिशत | हरैाचा प्राथमिक स्वास्थ्य केन्द्र, सुकुना सामुदायिक अस्पताल, बिराटनगर स्थीत कोसी अंचल अस्पताल लगायत अन्य अस्पतालको अलावा धरान स्थीत विपी स्वास्थ्य प्रतिष्ठामा समेत प्रसुति सेवा लिने गरेको । | दक्ष प्रसुतिकर्मी बाट प्रसुति सेवा लिनेको संख्यामा उल्लेख्य बृद्धी हादै गएको । |
| झाडा पखालाबाट मृत्यु हुने बालबालिका संख्या | नपाईएको । | स्वास्थ्य सम्बन्धि सचेतना, सुद्ध पिउने पानीको प्रयोग, बढ्दो सरसफाई प्रति चेतना र सौचालय निमार्ण, अन्धविश्वासमा आएको कमी, औषधोपचारमा पहुाच, नेपाल सरकारबाट निशुल्क औषधि वितरण र सेवा | स्वास्थ्य तथा सरसफाई प्रति बढ्दो चेतना । |
| **शिक्षा** | | | |
| आधा घण्टा भित्र प्राथमिक विद्यालय नपुग्ने वालवालिकाको संख्या | नपाईएको | २६ वटा सामुदायिक विद्यालय, २५ वटा संस्थागत विद्यालयको संजाल विस्तार भएको नगरपालिका भएको, | राष्ट्रिय लक्ष्य भन्दा बढि विद्यालय भर्ना दर भएको । |
| पूर्व प्राथमिक शिक्षामा खुद भर्नादर | भर्नादर बढ्दो तर एकिन तथ्यांक उपलब्ध नभएको । | जिल्ला शिक्षा कार्यालयको सहयोग, गैससको सहयोगमा, २३ बाल विकास केन्द्र एवम् ५ वटा मन्टेश्वरीबाट पूर्व प्राथमिक शिक्षाको काम भईरहेको । | आफ्नो पायकको बाल विकास केन्द्र र मन्टेश्वरीमा भर्ना हुने क्रम बढ्दो । |

| | | | |
|---|---|---|---|
| प्राथमिक विद्यालयमा पहुच नभएका सो उमेर समूहका बालबालिका संख्या वा प्रतिशत | करीव २ प्रतिशतको हाराहारी (अनुमान) | पूर्व प्राथमिक विद्यालयमा भर्ना तथा त्यसबाट उपलव्धी, गाउा गाउामा निजी तथा संस्थागत विद्यलाय भर्ना अभियान, निशुल्क शिक्षा ड्रेसको व्यवस्था लागयतका प्रवन्ध गरेको | शतप्रतिशत भर्ना एवम् एवम् बिद्यालय नछोड्नेका संख्यामा बढोत्तरी आएको । |
| कक्षा १ मा खुद भर्नादर छात्र/छात्रा | ९८ प्रतिशत रहेको । | पूर्व प्राथमिक विद्यालयमा भर्ना तथा त्यसबाट उपलव्धी, गाउा गाउामा निजी तथा संस्थागत विद्यलाय भर्ना अभियान, निशुल्क शिक्षा ड्रेसको व्यवस्था लागयतका प्रवन्ध गरेको । | शतप्रतिशत भर्ना एवम् एवम् बिद्यालय नछोड्नेका संख्यामा बढोत्तरी आएको । |
| प्राथमिक तहमा कक्षा छोड्ने कक्षा दोहोर्‍याउने र कक्षा उत्तिर्ण हुने दर | तथ्यांक उपलब्ध नभएको | पूर्व प्राथमिक विद्यालयमा भर्ना तथा त्यसबाट उपलव्धी, गाउा गाउामा निजी तथा संस्थागत विद्यलाय भर्ना अभियान, निशुल्क शिक्षा ड्रेसको व्यवस्था लागयतका प्रवन्ध गरेको । | ड्रेसको व्यवस्था, दलित बालबालिकाको लागि छात्राबृत्ती, गैससबाट छात्रबृत्ति आदीको व्यवस्था । साथै चेतनामा आएको बृद्धि । |
| प्राथमिक तहमा तालिम प्राप्त शिक्षक संख्या | यकिन तथ्यांक उपलब्ध नभएको । | जिल्ला शिक्षा कार्यालयले सरकारी विद्यालयमा बार्षिक रूपमा तालिम प्रदान गर्ने गरेको । नगरपालिकाले उत्कृष्ट विद्यालयलाई सम्मान र पुरष्कृत गर्ने गरेको । | सरकारी विद्यालयका शिक्षकहरूले शत प्रतिशतले तालिम लिएका । संस्थागत विद्यालयका तालिम प्राप्त शिक्षकहरूको संख्या यकिन नभएको । |
| प्रति कक्षा कोठा विद्यार्थी संख्या | ३० देखी ४० | पूर्वाधार निमार्ण भईरहेको । | स्कुल छोड्ने दरमा कम आएको । विद्यालय भर्ना दर बढेको । |

| | | | |
|---|---|---|---|
| स्थानीय निकायबाट सहयोग भएका विद्यालय संख्या | ९ ओटा | कक्षा कोठा निमार्ण, लैगीक मैत्री शौचालय निमार्ण, खेलकुद मैदान निमार्ण, अन्तर माध्यमिक विद्यालय हाजिरी जवाफ प्रतियोगिता, उत्कृष्ट तीन विद्यालयलाई पुरस्कार , कम्पाउन्ड वाल निमार्ण | विद्यालय छोड्ने दरका कमी आएको, भर्ना दर बढेको । विद्यार्थि मैत्री विद्यालयको बातावरण बनेको । |
| दलित बालबालिकाको शिक्षमा पहुच | यकिन तथ्यांक उपलब्ध नभएको । | बिद्यालय भर्ना लगायतका अभियानहरू संचालनमा रहेको । | दलितहरूको शिक्षामा पहुाच बढ्दो । |
| **खानेपानी तथा सरसफाई** | | | |
| स्वच्छ पानी पुगेको परिवार संख्या वा प्रतिशत | ९० प्रतिशत | ईन्द्रपुर, हरैाचा र मृगौलिया खानेपानी संस्था बाट स्वच्छ खानेपानी वितरण, ट्युबेलको वितरण, जडान तगा आर्सेनिक परीक्षण | सुद्ध खानेपानीको पहुाच विस्तार भएको । झाडापखाला लगायतका रोगहरूमा उल्लेख्य कमी आएको । |
| सौचालय भएको संख्या वा प्रतिशत | ९९ प्रतिशत | खुला दिशा मुक्त क्षेत्र घोषणको अभियान, विद्यालयहरूमा लैगिक मैत्री सौचालय निर्माण | एक घर एक शौचालय । |
| **सुधारिएको चुलो भएको परिवार संख्या** | ७ प्रतिशत ले प्रयोग गर्दै आएका । | स्थानीयस्तरमा सहजीकरणको लागि सुधारिएको चुल्हो निर्माण सम्बन्धी ९१ जनाले तालिम प्राप्त गरी नगरको थप १०१ घरमा सुधारिएको चुल्हो निर्माण भएको । तालिम प्राप्त व्यक्तिहरुले स्थानीयस्तरमा सुधारिएको चुल्हो निर्माणको लागि सहजीकरण गरेको । उल्लेखित काममा बन समितिले समेत तालिम दिई रहेको | भान्सामा काम गर्ने महिलाहरूको स्वास्थ्यमा सुधार |
| **महिला बालबालिका तथा समावेशी क्षेत्र** | | | |
| बाल बिवाहको संख्या | सम्बन्धित निकायमा बालविवाहको अभिलेख | बालबिवाह बिरुद्धको अभियान संचालन र सहकार्य बढेको, स्थानीय सरोकारबाल तथा | बाल विवाह निरूत्साहीत भएको । |

| | | | |
|---|---|---|---|
| | नदेखिएको | बाल बालीका सँग सम्बन्धित निकायहरुले बाल विबाहलाई निरुत्साहीत गर्ने अभियान संचालन गरेको । जसमा नगरपालिकाले समेत साथ सहयोग र सहकार्य गर्दै आएको । | |
| सामाजिक बिकृति, विसंगति | ईन्द्रपुर प्रहरी चौकी निर्माण सँगै सामाजिक विकृतीका घटनाहरु न्यूनिकरण भएका | दुर्व्यसन विरुद्ध जनचेतना वढाइएका, विकृति र विसंगति नियन्त्रण गर्न प्रहरी चेक पोष्ट राखिएको, सामाजिक विकृतिमा सम्लग्न व्यक्तिहरुलाई कडा सजायको व्यवस्था गरीएको । २ वटा सुधार केन्द्र संचालनमा रहेको । | दुर्व्यसनीको संख्या घटेको । |
| सामाजिक सुरक्षा ( जेष्ठ नागरिक, एकलमहिला, अपांग, पिछडिएको क्षेत्र तथा लोपुन्मुख जाती) | जेष्ठ नागरीक अन्य/दलित १५२७ जना, एकल महिला ७२७ जना, विधुवा महिल, दलित बालबालिका २०८ जना, पूर्ण/आशिंक अपांग २०५ जना लाई सामाजिक सुरक्षा भत्ता वितरण गरिएको । | सामाजिक सुरक्षा कार्यक्रमलाई अनलाईन सिस्टम द्वारा अभिलेख व्यवस्थापन गरिएको साथै प्रत्येक वर्ष सेवाग्राहीहरुको नाम नविकरण गर्ने गरीएको । | सामाजिक सुरक्षा भत्ता वितरणमा पारदर्शीता आएको । |
| **गरीवि निवारण तथा सामाजिक चेतना** | | | |
| बाल श्रमको अवस्था | ७ | CWIN लाने प्रयासमा भईरहेको। समुदाय स्तरीय बाल क्लव ४ वटा दर्ता भई काम गरीरहेको । | बाल श्रम न्यूनिकरणमा चेतना विस्तार |
| बाल क्लवहरूको अवस्था | ३० | बाल क्लव क्षमता अभिबृद्धिको लागि ३ दिने तालिम नारी विकास संस्थाले काम गरेको, सूचनाको हक सम्बन्धि तालिम संचालन गरेको, राजनैतिक दलको नेतृत्वलाई तालिम दिईएको । संचालन गरेको । | बाल क्लब विस्तार हादै गएको । |

| | | | |
|---|---|---|---|
| महिला हिंसा | तथ्यांक फेला नपरेको | महिला हिंसा न्यूनीकरणको लागि कार्यक्रम संचालन गरेको । घरेलु हिंसा न्यूनीकरण र सचेतना तालिम संचालन, बैदेशीक रोजगारीमा जाने महिलाहरूलाई तालिम दिईएको । | महिला हिंसा न्यूनीकरण |
| रोजगारीको अवस्था | ५० प्रतिशत | महिला तथा लक्षीत बर्ग लक्षीत रोजगारी सिर्जनाका तालिमहरू दिदै आएको । मुढा बुन्ने, च्याउ खेती, ड्राईभिङ तालिम आदि दिईएको | रोजगारीको सिर्जना |
| स्वरोजगारका अवसरहरु | यकिन तथ्यांक उपलव्ध नभएको | महिला तथा लक्षीत बर्ग लक्षीत रोजगारी सिर्जनाका तालिमहरू दिदै आएको । मुढा बुन्ने, च्याउ खेती, ड्राईभिङ तालिम आदि दिईएको | नगर क्षेत्रमा रोजगारी सिर्जना भएको । |
| गरिवी निवारणका प्रयासहरू | गरीवी निवारणका लागि सहकार्य गर्दै आएको । विषयगत निकायहरू साग सहकार्य गर्दै काम गरेको । | नगरपालिकाले संचालन गर्ने लक्षीत बर्गका कार्यक्रमहरूको माध्यमबाट स्वरोजगार सिर्जना भएको । | शहरी गरिवको सख्या घट्दो दरमा रहेको । |
| सामाजिक परिचालन | विकासमा नागरीको सहभागिता बृद्धि भएको । | सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण लगायतका कामहरूमा नागरीकहरूको सहभागिता बृद्धि भएको । विकासमा नागरीक सहभागिता बढाईको । वडा नागरीक मन्च लागायत बाट नागरीकका आवाजहरू नगरपालिकामा स्थापीत गर्ने काम भएको । वडा भेला बाल भेला, लक्षीत बर्गका भेलाहरूबाट आएका माग हरूलाई नगरपालिकाले विकास व्यवस्थापन गर्ने क्रममा | |

| | | | |
|---|---|---|---|
| वातावरण सुधारका प्रयासहरु | | | |
| विकासमा समान सहभागिता | | वडा नागरीक मन्चमा बालबालीकाको सहभागिता, वडा बाल संजाल गठन परीचाल बाल अधिकार सम्बन्धि तालिमहरू संचालन, नेतित्व विकास तालिम संचालन | |
| **सार्वजनिक सेवा प्रवाह र नागरीक पँहुच** | | | |
| स्थानीय बजार पुग्न लाग्ने समय | | | |
| कृषि सेवा जान लाग्ने समय | | | |
| सिमान्तकृत समुदाय/वर्गको संख्या र निजहरुले पाएको सेवा र अवसहरु | | | |
| **स्थानीय निकायको संस्थागत क्षमता विकास** | | | |
| जनशक्ति विकासमा भएका प्रयासहरु | प्रशासनिक कर्मचारी संख्या:<br>प्राविधिक कर्मचारी संख्या:<br>ड्राईभर:<br>कार्यालय सहयोगी: | | |
| नीति तथा कार्यक्रमहरु | दिशामुक्त क्षेत्र घोषणा<br>एकीकृत विकास अभियान संचालन<br>बालमैत्री स्थानीय शासन<br>ग्रामिण पर्यटन<br>विद्युतिय शुशासन | | |
| भौगोलिक अवस्था | कार्यालय भवन मर्मत सुधार, जेनेरेटर व्यवस्थापन, विघुत सुधार, सडक यातायात सुधार आदी | | |
| समन्वय र सहकार्य | समन्वय र सहकार्यामा प्राथमिकता दिईएको | | |

## गतवर्ष भोगेका समस्याहरू

❖ भू उपयोग योजना निर्माण तथा कार्यान्वयन गर्न चुनौतीपूर्ण ।

- ❖ निक्षेपित कार्यक्रमहरुको अनुगमन प्रभावकारी हुन नसकेको ।
- ❖ शिक्षकले तालिममा सिकेका सीपहरु कक्षा कोठामा कम प्रयोग गर्नु, विद्यालयको सिकाइ वातावरण पूर्णरुपले बालमैत्री हुन नसक्नु ।
- ❖ स्थानीय निकायमा लामो समय देखि निर्वाचित जनप्रतिनिधि नहुदाँ साँचो अर्थमा विकास निक्षेपेण नहुनु ।
- ❖ टुक्रे योजना धैरै हुनु ।
- ❖ साविकमा बनेका घरको नक्सापास गर्न समस्या परेको ।
- ❖ केही ठेकेदार तथा उपभोक्ता समूहले समयमा काम सम्पन्न नगर्नु ।
- ❖ दरवन्दी अनुसारको स्थायी कर्मचारीको नियुक्ती हुन नसकेको ।
- ❖ लागत सहभागिताका लागि सबै उपभोक्ताबाट रकम उठाउन पर्ने भएकाले ग्रामिण क्षेत्रका गरिब नागरिकले रकम उठाउन नसक्नु ।
- ❖ वडा समितिको कार्यालय सञ्चालन गर्न नसक्नु ।
- ❖ ल्याण्डफिल्ड साईटको व्यवस्था गर्न नसक्नु ।
- ❖ ढुंगा गिट्टी, बालुवा जस्ता प्राकृतिक सोत निष्काशनमा अनिश्चितता ।
- ❖ सिमा अवरोधबाट सिर्जना भएका समस्याहरु ।
- ❖ कालोपत्रे गर्ने सन्दर्भमा वा सडक चौडा पार्ने सन्र्दभमा मेसीन औजारको प्रयोग गर्ने विषय ।
- ❖ गुणस्तर सुनिश्चतताका लागि परिक्षण प्रयोगशाला नभएको ।

## ११. सुधारको लागि चाल्नुपर्ने पाइलाहरु तथा सुझावहरु

- ❖ स्थानीय स्वायत्तशासन ऐन २०५५, नियमावली २०५६ र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ समय सापेक्ष संशोधन गर्ने ,
- ❖ स्थानीय निकायको चुनाव गरेर वा मनोनयन गरी राजनैतिक प्रतिनिधित्व सुनिश्चित गरी स्थानीय स्तरमा सहभागितामूलक लोकतन्त्रको अभ्यास गर्ने ।
- ❖ संघीय मामिला तथा स्थानिय विकास मन्त्रालयले आर्थिक वर्ष सुरु हुनासाथ अख्तियारी दिनु पर्ने
- ❖ अनुगमन र सुपरिवेक्षणलाई नियमित, गतिशिल र सुधारका लागि पृष्ठपोषकको रुपमा ग्रहण गर्ने ।
- ❖ सेवाग्राहीहरुको जानकारी तथा पारदर्शीता प्रवर्द्धन गर्दै जवाफदेही स्थानीय सरकार निर्माणका लागि अर्धवार्षिक रुपमा बुलेटिन प्रकाशन गर्ने ।
- ❖ सामाजिक विकासका सूचकहरु समेटने गरी सूचना तथा तथ्यांक प्रणाली व्यवस्थित गर्नुपर्ने ।
- ❖ मर्मत सम्भार गर्नु पर्ने पूर्वाधार विकास योजनाहरुलाई समयमै मर्मत सम्भार गरी संरक्षण र उपयोग गर्ने व्यवस्था मिलाउने ।
- ❖ पूर्णखोप सुनिश्चितता कार्यक्रमलाई निरन्तरता दिने ।

- ❖ नगरपालिकाको आन्तरिक आयमा सुधार गर्नको लागि राजश्व संकलन क्षेत्रमा जिम्मेवारी लिएका कर्मचारीहरुलाई विशेष प्रोत्सहानको व्यवस्था गर्नु पर्ने
- ❖ नगरपालिकाको स्वीकृत दरवन्दी अनुसारको कर्मचारी यथाशिघ्र छनौट गरी पदपूर्ति गर्नु पर्ने ।
- ❖ दिर्घकालिन विकासको लागि एकीकृत शहरी विकास योजना तयार गर्नु पर्ने ।
- ❖ सीप विकास, आयआर्जन कार्यक्रमबाट कति स्वरोजगार भए भन्ने तथ्यांक अभिलेख राख्नु पर्ने ।
- ❖ प्रत्येक टोल र गाउँबाट आएका योजनालाई प्राथमिकताका आधारमा छनौट गर्नुपर्ने ।
- ❖ नगरपालिकाले नगरपालिकाको गतिविधिको बारेमा सर्वसाधरणलाई जानकारी दिनको लागि नगर गतिविधि नगरपालिकाको वेबसाईट, स्थानीयस्तरका पत्रपत्रिका तथा रेडियो मार्फत सार्वजनिक गर्ने ।
- ❖ एकीकृत सम्पती करलाई प्रभावकारी बनाउन फिल्ड निरीक्षणको व्यवस्था मिलाउने ।
- ❖ सामाजिक सुरक्षा भत्ता वितरण गर्ने कार्यलाई बैकको संख्या बढाउने वा स्थानीय सहकारी मार्फत धुम्ति सेवाको रुपमा लाभग्राहीको घरघरमा वितरणको व्यवस्था मिलाउने ।
- ❖ खुल्ला दिशामुक्त नगरलाई निरन्तरता दिनको लागि समय समयमा अनुगमन तथा सुपरिवेक्षण गर्ने एवम् सार्वजनिक स्थलहरुमा सार्वजनिक शौचालयहरुको सार्वजनिक/निजि साझेदारीको अवधारणा अर्न्तगत निर्माण, सञ्चालन र व्यवस्थापन गर्ने ।
- ❖ कोसीहरैंचा नगरपालिकाको कार्यालय अगाडि नागरीक वडापत्र (निरक्षरको लागि अडियो/भिडियो डिस्प्ले) अनिवार्य रुपमा राख्नुपर्ने ।
- ❖ मृगौलियामा रहेको वडा कार्यालयलाई संचालनमा ल्याउने ।
- ❖ सर्वसाधरणको काममा थप सहज र छरितो बनाउनको लागि विभिन्न कोठाहरुको नम्बर र फाटँको बारेमा जानकारी दिन नगरपालिकाको प्रवेशद्धारमा नै डिस्प्ले राख्नुपर्ने ।
- ❖ पूर्ण साक्षर नगरपालिका तथा पूर्ण सरसफाई नगर घोषणा कार्य अगाडि बढाउनु पर्ने ।
- ❖ वातावरण मैत्री स्थानीय शासन प्रारुप लागु गर्नका लागि रणनीति बनाई कार्यान्वयन गर्नु पर्ने ।
- ❖ बालमैत्री रणनीति बमोजिम कार्यनीति निर्माण गरी कार्यान्वयन गर्नु पर्ने ।
- ❖ नगरको शौन्दर्य निमार्ण एवम् सिर्जनात्मक कामको पहल गर्नु पर्ने ।
- ❖ नगरको फोहोरमैला व्यवस्थापन सार्वजनिक निजि साझेदारीको माध्यबाट गर्ने प्रबन्ध गर्नु पर्ने ।
- ❖ स्रोतमानै फोहोर छुट्टयाउने कार्यलाई प्रथमिकतामा राख्नु पर्ने ।
- ❖ प्रतिश्पर्धी नगरसँगको सयुक्त साझेदारीमा सेनेटरी ल्याण्डफिल्ड साईटको प्रबन्ध गर्ने ।
- ❖ फोहोरमैला व्यवस्थापनलाई अझ प्रभावकारी बनाउन नगरका बजार क्षेत्रमा कम्तीमा हप्तामा एक दिनका दरले सरसफाई गर्ने कार्यलाई अभियानको रुपमा अगाढि बढाउने ।

**१२. नगरपालिकाको अवसर र सम्भावना तथा आगामी दिनमा चाल्नु पर्ने कमद :**

- ❖ नगरमा रहेको खेतीयोग्य जमिनमा खाद्यान्यको साथै अन्य नगदे तरकारी बाली, फलफुल, उखु, तोरी, तरकारी मसला तथा जडीबुटी र पशुजन्य उत्पादन बृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरु रहेका छन् ।
- ❖ बाघभ्फोडा सिमसार, भुल्के जलाधार क्षेत्र, किचमगढी लगायतका क्षेत्रहरुको विकास र विस्तार साथै प्रचार प्रसार गरी पर्यटन विकास र विस्तार गर्ने ।
- ❖ तरकारी, पशुपालन तथा अन्य कृषि उत्पादनको बजारको लागि समस्या नभएकोले व्यावसायिक कृषि उत्पादनलाई जोड दिनु सहज तथा उचित देखिन्छ जसको बजार क्षेत्र विराटगर उपमहानगरपालिका समेत हुने देखिन्छ ।
- ❖ नगरपालिका भित्र संकलन हुने पटके सवारी कर लागायतका करहरुलाई प्रभाकारी कार्यान्वयन गर्ने ।
- ❖ व्यवसाय करलाई अभ्र प्रभावकारी बनाउँदै उद्योगी व्यवसायीहरु सँग सहकार्य गर्दै वजार विस्तार र विविधिकरणमा भूमीका खेल्ने ।
- ❖ उद्योग, शिक्षा, स्वास्थ्य, संचार क्षेत्रमा तीब्र विकासको कारणले यस नगरपालिकामा दक्ष जनशक्तिको उत्पादकत्व बृद्धि सँगै नगरपालिका क्षेत्र भित्र रहेको पूर्वान्चल ल्यूव आयल्समा समेत स्थापीत हुने देखिन्छ ।
- ❖ नेपालमै कालोपत्रे गर्ने काममा अग्रस्थानमा रहेको यस नगरपालिकाले कालोपत्रे गर्ने कार्यलाई अभ्र प्रभावकारी रुपमा अगाडि बढाउनु पर्ने देखिन्छ ।
- ❖ पक्की सडकहरुमा हरीयाली विस्तार गर्दै जंगल भित्रको व्यवस्थित शहर निर्माण गर्ने नगरपालिकाको संकल्प पुरा हुने देखिन्छ ।
- ❖ नगर यातायात गुरु योजनाका आधारमा सडक संजालहरुको विकास, विस्तार र नेटवर्क निर्माण गरी नगर यातायात सञ्चालन गर्न सके गाँउ र सहरको अन्तरसम्बन्ध गतिशिल हुने साथै ग्रामिण क्षेत्रको उत्पादन, सहरी क्षेत्रको खाद्यान्यको आधार भई ग्रामीण अर्थतन्त्र चलायामान हुने देखिन्छ । यसका लागि पुजिँ परिचालन गर्न स्थानीय सहकारीहरु लाई प्रर्वद्धन गर्नु पर्ने देखिन्छ ।
- ❖ मोरङ जिल्लामा नै सहकारीहरु सबै भन्दा बढी भएकोमा दोश्रो स्थान जम्मा संख्या ११७ भएकोले सहकारीको श्रोत परीचालन मार्फत चौतर्फि विकास गर्न सक्ने सम्भावना देखिन्छ ।

## १३. नगरपालिकाको चुनौती तथा समस्याहरु :

- ❖ नगरपालिकाको क्षेत्र भित्र आवश्यकक रोजगारमुलक उधोगधन्दा, कलकारखाना नहुनु ।
- ❖ फोहोरमैला व्यवस्थापनलाई प्रभावकारी बनाउन नसक्नु ।
- ❖ कृषियोग्य भूमि खण्डिकृत हुँदै प्रयोग विहिन हुनु ।
- ❖ नगरपालिका क्षेत्रभित्रका धेरै सडकहरू कच्ची तथा कम गुणस्तरको हुनु ।
- ❖ कृषियोग्य भूमि भएता पनि व्यावसायिक खेतीको विकास हुन नसक्नु ।

- ❖ आयश्रोतको कमिले नगरपालिकाको स्तरीय विकास प्रकृयामा समस्या उत्पन्न हुनु ।
- ❖ स्थानीय जनप्रतिनिधिको खाँचो हुनु ।
- ❖ बढ्दो शहरीकरणलाई व्यवस्थित बनाउन नसक्नु ।
- ❖ नगरपालिका क्षेत्रमा खानेपानी तथा सार्वजनिक शौचालयको अझै पनि उचित व्यवस्थापन हुन नसक्नु ।
- ❖ उत्प्रेरीत आधुनिक मानव संसाधन व्यवस्थापन ।
- ❖ सिमित स्रोत, साधन र अशिमित नागरिक आकाक्षा ।
- ❖ छिमेकी नगरसँगको प्रतिस्पर्दा ।
- ❖ नदि नियन्त्रण र नदि रोकथाम ।
- ❖ सडक क्षेत्रधिकार बसोबास गर्ने सुकुम्बासी व्यवस्थापन ।
- ❖ बसर्पाक, खेलमैदान, मोटानिकल गाडेन जस्ता पूर्वाधार नहुनु । र बनाउनको लागि जग्गा पनि नहुनु ।
- ❖ पैनी, नहर, कुलो, बाटो अतिकमणलाई व्यवस्थापन गर्नु ।
- ❖ आन्तरीक श्रोतलाई पूर्वानुमान योग्य दिगो र भरपर्दो बनाउनु ।

सामाजिक परीक्षकको नाम :

दस्तखत :

संस्थाको नाम :

मिति :

**कार्यविधिको अनुसूचि ३ अनुसारको विवरण**

**कोसीहरैंचा नगरपालिका मोरङ आर्थिक वर्ष २०७१/०७२ को**

**सामाजिक परीक्षक प्रतिवेदन बृहत सभामा प्रस्तुत गरिएको**

## विषयगत कार्यालयले सम्पादन गरेको कार्यको लेखाजोखा विवरण :

**१. विषयगत कार्यालयको नाम : प्राथमिक स्वास्थ्य केन्द हरैंचा, स्वास्थ्य चौकी ईन्द्रपुर र स्वास्थ्य चौकी मृगौलिया:**

**२. लक्ष्य :**

- ❖ मृत्यूदर घटाउने र स्वस्थ जनशक्ति तयार गर्ने ।
- ❖ जनस्वास्थ्य सेवाको विस्तारबाट ग्रामिण जनसमुदायको स्वास्थ्य अवस्थामा सुधार गर्नु ।
- ❖ आम नेपाली नागरीकहरुलाई उनिहरुको समग्र स्वास्थ्यमा सुधार ल्याई स्वास्थ्य जीवन यापन गर्न मद्धत गर्ने ।
- ❖ सेवाको पहुँच नपुगेका वर्ग, लिंग, क्षेत्र, जातजातिको पहिचान गरी उनिहरुलाई आधारभूत स्वास्थ्य सेवाहरु प्रदान गर्नु ।

**३. मूख्य उद्देश्य :**

- ❖ बाल तथा मातृ मूत्युदर घटाउने ।
- ❖ राष्ट्रिय कार्यक्रमहरुलाई सफल तुल्याउने ।
- ❖ संविधान प्रद्धत्त स्वास्थ्य सम्बन्धि हकको कार्यान्वयमा सहयोग गर्ने ।

- ❖ नागरिकहरुमा औषधि आपूर्ती बढाउनको लागि बिभिन्न सर्ने तथा नसर्ने रोगबाट बचाउन तथा अन्य सेवाहरु प्रदान गरी स्वास्थ्य रहन चेतना अबिबृद्धि गर्ने ।
- ❖ स्वास्थ्य स्तर प्रवर्धन गर्ने
- ❖ स्वास्थ्य संजालहरुको माध्यमबाट स्वास्थ्य संरक्षणात्मक, प्रवर्द्धनात्मक र निदानात्मक सेवा उपलब्ध गराउनु ।
- ❖ स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुबाट रोग नियन्त्रण गर्नु ।
- ❖ रोगीको संख्यामा कमि ल्याउने ।

## ४. गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण :

| आयोजनाको नाम | लक्ष्य | उपलब्धी | कैफियत |
|---|---|---|---|
| एकिकृत प्रजनन् तथा महिला स्वास्थ्य | ● सुरक्षित मातृत्व कार्यक्रम<br>● परिवार नियोजन कार्यक्रम<br>● महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम संचालन गुन । | सुरक्षित सुत्केरी गराउने आमाहरुको संख्या बढेको छ । | |
| स्थानीय तहमा जनसंख्याको व्यवस्थापन सम्बन्धी कार्यक्रम | स्वास्थ्य संस्थाका इन्चार्जहरूलाई लैङ्गिक हिंसा र समावेशीकरण सम्बन्धी तालिम प्रदान गन | स्वास्थ्य संस्थाका इन्चार्जहरूलाई लैङ्गिक हिंसा र समावेशीकरण सम्बन्धी तालिम प्रदान गरिएका | |

## ५. सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू

- ❖ महिला स्वास्थ्य स्वयमसेवीकाहरुलाई थप ज्ञान सीप र क्षमताको लागि विभिन्न प्रकारको तालिम दिई समुदायस्तरमा काम गर्ने जनशक्तिको विकास गरेको ।
- ❖ जनचेतनामुलक कार्यक्रमलाई थप प्रभावकारी बनाउन विभिन्न संचार माध्यमको प्रयोग गरिएको ।
- ❖ स्वास्थ्य संस्थाहरुलाई सुदुढिकरण गर्न विभिन्न सहयोगात्मक एवं व्यवस्थापीकय क्षेत्रमा विशेष कार्यक्रम संचालन गरिएको ।
- ❖ जिल्ला स्वास्थ्य कार्यालय मार्फत संचालन गरिने विभिन्न उपचारात्मक तथा सचेतनामुलक कार्यक्रमलाई अन्तरगत रहेका स्वास्थ्य संस्थाहरुको माध्यमबाट संचालन गर्ने प्रकृयालाई प्रभावकारी बनाईएको ।
- ❖ वार्षिक समिक्षा तथा प्रतिवेदन जसमा प्रास्वाके हरैचा जिल्लामा नै प्रथम भएको ।

❖ व्यवस्थापन समितिले सुधारका तात्कालिन तथा दिर्घकालिन कार्यक्रमहरु बनाई नगरपालिका लगायतका निकायहरुसँग सहकार्य गरीएको ।

❖ प्राथमिक स्वास्थ्य केन्द्र हरैचाले नगरपालिकाको सहयोगमा दक्ष चिकित्सकबाट दन्त सेवा प्रदान गरीएको ।

**६.सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता : सामाजिक जिम्मेवारीको क्षेत्र सूचक सहितको कामको विवरण**

| सामाजिक जिम्मेवारीको क्षेत्र | २०७२ असार मसान्त सम्मको प्रयासहरु | कैफियत |
|---|---|---|
| ५ बर्ष मुनीका बालबालिकाको प्रतिशत | ७ प्रतिशत | बाल खोप, बाल पोषण लगायतका कार्यक्रम संचालन गरिएको, महिला स्वास्थ्य स्वमसेवीकाहरु मार्फत गर्भवती महिलाहरुको स्वास्थ सुधारका कार्यक्रम संचालन गरिएको |
| स्वास्थ्य चौकी एक घण्टाभित्र पैदल वा यातायात पहुँच भएको घरधुरी संख्या | नगरका सवै घरधुरीले सेवा प्राप्त गरेका | गाउँ घर स्वास्थ्य क्लिनिक कोसीहरैंचा नगरपालिका मोरङ मा र पाथीभरा केन्द्र स्वास्थ्य केन्द्रमा लगायत नगर क्षेत्रमा १५ वटा खोप सेवा संचालन गरिएको मा राष्ट्रिय अभियानमा थप खोपकेन्द्र संचालन गरी सेवा प्रदान गर्दै गरेको । साथै स्वास्थ्य चौकी सम्म जानको लागि सहजता ल्याउनका पहुँचमार्गमा स्तरोन्नति गरिएको । |
| खोपमा पहुँच भएको जनसंख्या (एक वर्षमुनिका बालबालिकाको आधारमा | सत प्रतिशत | १. म. स्वा.स्वं से.परिचालन<br>२. खोप केन्द्रको बिस्तार<br>३. खोप अभियान संचालन |
| ४ पटक गर्ववती जाच गरिएको महिलाको संख्या ( प्रतिशतमा) | ८५ प्रतिशत (निजी र सार्वजनिक स्वास्थ्य संस्थाबाट) | ईन्द्रपुर र मृगौलिया स्वास्थ्य चौकीका साथै हरैंचा प्राथमिक स्वास्थ्य केन्द्रबाट महिलाहरुको लागि चारपटक जाँच गर्ने सेवा उपलव्ध गराईएको र यसका लागि महिला स्वास्थ्यकर्मीहरु बाट सहजीकरण गर्ने कार्यका साथै चेतनाका लागि आमा समूह, किशोरी समूहले उल्लेख्य भूमीका खेलेको । |
| दक्ष प्रसुतीकर्मीबाट प्रसुती गरिएका महिलाको संख्या | ८५ प्रतिशत (निजी र सार्वजनिक स्वास्थ्य संस्थाबाट) | आमा सुरक्षा तथा प्रजनन स्वास्थ्य सम्बन्धि कार्यक्रम सञ्चालन गर्नु । |

| | | |
|---|---|---|
| | | साथै विराटनगर, धरानबाट दक्ष प्रसुति गराउने गरेको पाईयो । |
| झाडापखालाबाट मृत्यू हुने बालबालिको संख्या | नपाईएको । | पानी तथा खानेकुराबाट सर्ने रोगहरुको विषयमा समुदायस्तरमा विभिन्न स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी र स्वास्थ्य स्वयम सेवीकाहरुबाट जनचेतनामुलक कार्यक्रम संचालन गरिएको । |
| ईन्द्रपुर र मृगौलिया स्वास्थ चौकी र हरैंचा प्राथमिक स्वास्थ्य केन्द्रबाट सेवा लिने सेवाग्राहीको संख्या | २२५९० जना | विराटनगर, ईटहरी र धरान बाट दक्ष चिकित्सक बाट सेवा लिने भएबाट जनसंख्याको तुलनामा सेवाग्राहीको संख्या कम भएको । |

## ७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरु :

- ❖ कार्यक्रम र सेवाको विस्तार अनुसार जनशक्ति, औजार, उपकरणको आवश्यक मात्रामा व्यवस्था नहुनु ।
- ❖ नेपाल सरकारले निर्धारण गरे अनुसारको आधारभुत स्वास्थ्य सेवा लिनको लागि स्थानीय स्तरमा जनचेतनामुलक कार्यक्रमलाई पूर्ण प्रभावकारी बनाउन नसकिएको ।
- ❖ व्यवस्थापन समिति सँग श्रोत परिचालन गर्ने अधिकार भएको तर श्रोत केन्द्रहरु नभएको अबस्था ।
- ❖ एकीकृत रुपमा निजी तथा अन्य स्वास्थ्य संस्थाहरुबाट गरिएको कामको प्रगति अद्यावधिक हुन नसकेको ।
- ❖ नीजी स्तरबाट संचालित स्वास्थ्य संस्थाहरुको अनुगमन प्रभावकारी नुहनु ।
- ❖ औषधी पसलबाट अनाधिकृत ढंगले विशेषज्ञ चिकित्सकको नाम राखी औषधी व्यापार गर्ने व्यवसायिलाई अनुगमन एवम करको दायरामा ल्याउन नसकिएको ।

## ८. भावी कार्यक्रम संचालनको लागि चाल्नु पर्ने कमहरु र सुझावहरु :

- ❖ समयमै औषधी, उपकरण तथा आवश्यक जनशक्तिको व्यवस्थापन गरिनु पर्ने ।
- ❖ सम्बन्धित स्वास्थ्य संस्थालाई नै बजेट उपलव्ध गराउनु पर्ने ।
- ❖ MDG को प्रगतीका आधारमा SDG का लक्ष्यलाई प्राप्त गर्न रणनीति तयार गरी कार्यान्वयन गर्नु पर्ने ।
- ❖ प्राथमिक स्वास्थ्य केन्द्र हरैंचा एवम ईन्द्रपुर बर्थिङ सेन्टरमा शल्यक्रियाद्वारा प्रसुती गराउनका लागि दक्ष जनशक्तिको व्यवस्था गर्नुपर्ने ।

- ❖ सरकारी तथा निजी सवै स्वास्थ्य संस्थाहरुको तर्फबाट उपलव्ध गराईएका स्वास्थ्य सेवाहरुलाई समयमै एकीकृत गरी विवरण अद्यावधिक गरी राख्नु पर्ने ।
- ❖ कार्यक्रम र सेवाको विस्तार भए वमोजिम जनशक्ति, औजार, उपकरणको आवश्यक मात्रामा व्यवस्था हुनु पर्ने ।
- ❖ स्वास्थ्य सेवा लिन तथा सरकारले तोकेको आधारभुत सेवा लिनको लागि स्थानीयस्तरमा प्रचारात्मक कार्यलाई थप प्रभावकारी बनाई सामाजिक सहजीकरणमा प्राथामिकता दिनु पर्ने ।
- ❖ कार्यालय प्रमुख वा कर्मचारीको जिम्मेवारी तोक्ने सम्बन्धमा देखिएको समस्या समाधान हुनु पर्ने
- ❖ आवाधिक रुपमा व्यवस्थापन समितिको निर्वाचन वा मनोनयनबाट व्यवस्थापन हुने प्रवन्ध हुनु पर्ने ।
- ❖ कर्मचारीको कार्य सम्पादनको आधारमा दण्ड र पुरस्कारको प्रवन्ध व्यवस्थापन समितिले गर्न सक्ने कानूनी व्यवस्था हुनु पर्ने ।

## ७. **कोसीहरैंचा नगरपालिका मोरङ, शिक्षा तर्फ**

### १. **विषयगत कार्यालयको नाम : शिक्षा तर्फ, कोसीहरैंचा नगरपालिका मोरङ**

### २. **लक्ष्य**

- ❖ शिक्षाको गुणस्तरमा सुधार गर्नु ।
- ❖ समावेशीकरण र सभागितामा वृद्धि गर्नु ।
- ❖ सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्नु ।
- ❖ शिक्षामा पहुँच नपुगेका व्यक्ति तथा समूहहरुको शिक्षामा पहुँच वृद्धि गर्नु ।

### ३. **मूख्य उद्देश्य**

- ❖ गुणस्तर सुधारका लागि शैक्षिक सामाग्री, शिक्षक तालिम र निरन्तर विधार्थी मुल्यांकन गर्नु ।
- ❖ समावेशी तथा सभागिताका लागि अंपागता भएका विधार्थीलाई छात्रवृत्ति, खाना र मलि शिक्षकको नियुक्तिमा जोड दिनु ।
- ❖ पहुँचका लागि छात्रवृत्तिको व्यवस्था, शौचालय, विद्यालय भवन, फर्निचरको व्यवस्था गर्नु ।
- ❖ क्षमता अभिवृद्धिका लागि विभिन्न शैक्षिक सामाग्री तथा शिक्षकहरुलाई तालिम निरन्तर विधार्थी मुल्यांकन गर्नु ।

### ४. **गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण**

| **आयोजनाको नाम** | **लक्ष्य** | **उपलब्धी** | **कैफियत** |
|---|---|---|---|
| विद्यालय क्षेत्र सुधार योजना | ✓ विद्यालय उमेरका सबै बालबालिका बिद्यालय जाने | • भर्नादर बढेको<br>• लैगीक अनुपान | |

| | | | |
|---|---|---|---|
| | छन् ।<br>✓ लैगिक अनुपान अनुकुलन हुनेछ ।<br>✓ विद्यालय छोड्ने दर अत्यन्त न्यून वा सुन्य हुनेछ ।<br>✓ सिकाई पद्धतीलाई समायानुकुल सुधार गरीनेछ ।<br>✓ आवश्यक पूर्वाधारहरुको व्यवस्था गरीनेछ ।<br>✓ शिक्षकहरुलाई तालिमको व्यवस्था गरीने छ ।<br>✓ अनुसाशित जनशक्ति तयार गरीनेछ । | अनुकुल रहेको ।<br>● विद्यालय छोड्ने दर न्यून भएको ।<br>● तालिम प्राप्त शिक्षकको संख्या बढोत्तरी<br>● विद्यालय पूर्वाधार नयाँ निर्माण तथा मर्मत सम्भार गरीएको ।<br>● लैगिक मैत्री शौचालय निर्माण गरीएको । | विभिन्न विद्यालयमा गई जानकारी लिई सोही आधारमा उल्लेख गरीएको । |
| शिक्षा गुणस्तर सुधार का प्रयास | ✓ शिक्षकहरुलाई तालिम प्रदान गर्ने ।<br>✓ व्यवस्थापन समितिद्वारा नियमनको व्यवस्था ।<br>✓ पूर्वाधार निर्माण गर्ने ।<br>✓ छात्रबृत्ति प्रदान गर्ने ।<br>✓ शिक्षण सिकाई प्रकृयालाई व्यवहारी बनाउने । | ● शिक्षण प्रकृयामा सुधार भएको ।<br>● व्यवस्थापन समितिको काम कारबाही प्रभावकारी भएको ।<br>● पूर्वाधार निर्माणमा जीसीका र नरपालिकाले लगानी गरेको | विभिन्न विद्यालयमा गई जानकारी लिई सोही आधारमा उल्लेख गरीएको । |

## ५. .सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू

- ❖ साक्षर र निशुल्क तथा अनिवार्य आधारभूत शिक्षा सुनिश्चित नगरपालिका घोषणा गर्ने कार्यका लागि काम गरीएको ।
- ❖ संचालन भएका भौतिक पूर्वाधार निर्माण, विद्यालय सुधार, बाल विकास कार्यक्रमहरुको नियमित अनुगमन र पृष्ठपोषण प्रदान गरिएको साथै बाल विकास तथा क्षमता विकासका लागि काम गरीएको ।
- ❖ सबै विद्यालयहरुको आफ्नो विद्यालयको विषयगत कक्षागत र तहगत सिकाई उपलब्धि निकाली आगामी वर्षका लागि प्रक्षेपण योजना अध्यावधिक गरी कार्यान्वयन गर्न नगर शिक्षा समिति मार्फत पहल भएको ।
- ❖ जिल्ला शिक्षा कार्यालय र जिल्ला स्थित सरकारी कार्यालय, नगरपालिका कार्यालय र गैह्र सरकारी संस्थासँगको सम्बन्ध सुदृिढ गरी काम गरीएको ।

- ❖ स्थानीय स्तर बाट नीजि श्रोतमा व्यवस्थापन समितिको पहल र निर्णयमा शिक्षक व्यवस्थापन भएको ।
- ❖ व्यवस्थापन समितिको निर्णय एवम् स्थानीयको सहयोग र साझेदारीमा अग्रेजी माध्यमबाट शिक्षण प्ररम्भ गर्न पहल भएको । (नज ज्योती नीमावी)

## ६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता :

| सामाजिक जिम्मेवारीको क्षेत्र | सूचक सहितको कामको विवरण |
|---|---|
| समावेशी शिक्षा | नगरमा रहेका कूल बालबालिका मध्ये द्वन्द्व पिडित, दलित, अपाङ्ग, आदिबासी समुदायका बालबालिकाहरूको विद्यालयमा पहुँच न्यून भएको हुँदा शिक्षामा लक्षित वर्गको सहभागितामा वृद्धि गर्ने उद्देश्यले विभिन्न तहमा छात्रवृत्ति प्रदान गरीएको । जस्तै सुकुना बहुमुखी क्याम्पसबाट १९९ जनालाई विभिन्न स्तरमा विभाजन गरी रु ५०००। देखी १००००। सम्मको बार्षिक छात्रबृत्ति प्रदान गर्ने गरेको । |
| पहुँच अभिवृद्धि | ● दलित, छात्रा, द्वन्द्व पीडित तथा लक्षित समूहलाई छात्रवृतिको व्यवस्था गरिएको ।<br>● प्रा.वि, नि.मा.वि र मा.वि मा पाठ्यपुस्तक वितरण गरिएको ।<br>● बाल विकास केन्द्र मार्फत बाल शिक्षा संचालन गरीएको ।<br>● प्रावि निमावी, मावि र उच्च मावीमा शिक्षाको पहुँच बढ्दो । |
| समावेशिकरण | ● सकारात्मक विभेद र आपरक्षका कारणले शिक्षकहरुको संख्यामा विविधता व्यवस्थापन हुँदै गएको ।<br>● अनिवार्य तथा निशुल्क शिक्षा, छात्रबृत्ति सरकार तथा स्थानीय निकाय एवम गैससको विभिन्न पहलहरुका कारण सबै जाती भाषा धर्म र संस्कृतिका विद्यालय उमेरका बालबालिका विद्यालय जान थालेका । |
| गुणस्तरीय सुधार | ● सामुदायिक विद्यालयका सत प्रतिशत शिक्षकहरुले तालिम प्राप्त गरेको । तर लगानीको अनुपातमा नतिजा उल्लेख्य नभएको ।<br>● संस्थागत विद्यालय तर्फ सतप्रतिशत शिक्षकले तालिम प्राप्त गरेको रेकर्ड नपाईएको । तर लगानीका अनुपातमा प्रतिफल उल्लेख गर्न लायक भएको ।<br>● सरकारी तथा नीजि श्रोतबाट समेत व्यवस्था गरी शिक्षक विद्यार्थि अनुपात राम्रो रहेको । कतिपय विद्यालयहरुलाई मर्ज गर्नु पर्ने अबस्था देखिएको । |

## ७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरु :

- ❖ शिक्षक दरवन्दी मिलान र नियमित पठनपाठनमा प्रभाव ।
- ❖ पूर्ण साक्षर र अनिवार्य तथा निशुल्क आधारभूत शिक्षा सुनिश्चित भएको नगरपालिका बनाउन नसकिएको ।

आधुनिक सूचना तथाा प्रविधिको क्षेत्रमा आएका अत्याधुनिक परिवर्तन र सुविधाबाट बहुसंख्यक विद्यालयहरु बञ्चित हुनु ।

- ❖ विभिन्न राजनीतिक पार्टीहरुले शिक्षकहरुको संगठनहरु मार्फत शिक्षकहरुलाई आफ्नो पार्टीस्वार्थ पूरा गर्ने साधनको रुपमा प्रयोग गर्नु ।
- ❖ अभिभावकहरु चनाखो नहुनु ।
- ❖ विद्यालयहरु आर्थिक रुपले कमजोर हुनु ।
- ❖ व्यवस्थापन समितिमा अत्यन्त धेरै राजनैतीककरण हुनु ।
- ❖ नतिजामा आधारीत दण्ड र पुरस्कार प्रणाली लागू नहुँदा शिक्षा क्षेत्रमा स्वाच्छन्दता मौलाउनु ।
- ❖ शिक्षक विद्यार्थी अनुपात र भौतिक पूर्वाधारको अबस्था वीच तादम्यता नहुँदा कतिपय विद्यालयमा विद्यार्थी अत्यन्त न्यून हुन । कतिपय विद्यालयमा अत्यन्त धेरै हुनु ।
- ❖ मध्यम तथा उच्च बर्गका छोरा छोरीलाई सामूदायिक विद्यालयमा आकर्षण गर्न नसक्नु ।

## ८. भावी कार्यक्रम संचालनको लागि चाल्नु पर्ने कदमहरु र सुझावहरु

- ❖ माथिल्लो निकायबाट ठीक समयमा कार्यक्रम तथा बजेट उपलब्ध हुनुपर्ने ।
- ❖ एकै प्रकारका कार्यक्रम संचालन गर्ने विभिन्न निकायबीच समन्वय गर्नुपर्ने ।
- ❖ स्थानीय निकायले सम्बन्धित कार्यालयको प्राबिधिक सहयोगमा अनौपचारिक शिक्षाको नेतृत्व आफै गर्नुपर्ने ।
- ❖ विद्यालयहरुले स्रोत केन्द्रमा विश्वसनीय रुपमा तथ्यांकहरु उपलब्ध गराउनु पर्ने ।
- ❖ व्यवस्थापन समितिलाई राजनीतिक प्रभावबाट मुक्त राख्ने ।
- ❖ कार्य सम्पादनलाई बृत्ति विकास प्रणाली सँग जोड्ने ।
- ❖ शिक्षकहरुको कार्य सम्पादन मुल्यांकनमा ३६० डिग्री मुल्यांकन प्रणाली अवलम्बन गर्ने ।
- ❖ विद्यालयहरुलाई आपसमा आवश्यकता, औचीत्यता र विद्यार्थि शिक्षक अनुपातका आधारमा मर्ज गर्दै जाने ।
- ❖ नगर स्तरीय शिक्षा समितिलाई थप प्रभावकारी बनाउँदै लैजाने ।
- ❖ पूर्वाधार निमार्णमा जोड दिने ।

- ❖ प्रत्येक पाँच पाँच बर्षमा परीक्षा प्रणालीबाट शिक्षकको योग्यता मूल्यांकन गरी तालिम दिनु पर्नेलाई तालिम दिने र उपदान वा अवकास दिनु पर्नेलाई सोही व्यवस्था गर्ने ।
- ❖ विद्यालयको प्रभाव क्षेत्र भित्रका विद्यार्थी भर्ना गराउने उल्लेखित क्षेत्रका सामूदायिक विद्यालयलाई प्रदान गर्ने ।
- ❖ सामूदायिक विद्यालयमा अध्यापन गराउने शिक्षका छोराछोरीलाई सोही विद्यालयमा पठाउने व्यवस्थालाई कडाईका साथ कार्यान्वयन गर्ने ।

## *विषयतगत कार्यालय कृषि कोसीहरैंचा नगरपालिका मोरङ*

**१. विषयगत कार्यालयको नाम : कृषि सेवा केन्द्र बेलवारी (क्षेत्र कोसीहरैंचा)**

२. **लक्ष्य:**

**उन्नत र आधुनिक कृषि प्रणालिको विकास र कृषिलाई व्यवसायिकरण**

**३. मूख्य उद्देश्य:**

- खाद्यान्न बालीको उत्पादकत्व बृद्धि गरी खाद्य तथा पोषण सुरक्षा सम्बर्द्धन ।
- निर्यात योग्य कृषि बालीहरुको व्यावसायिकरण, प्रबर्द्धन र विकास ।
- कृषि क्षेत्रमा आयमूलक र उत्पादनशील रोजगारीका अवसरमा बृद्धिबाट गरिबी न्यूनीकरणमा टेवा ।
- कृषकहरुको आयमा बृद्धि र जीवनस्तर उकास्न सहयोग ।

**३. उद्देश्य**

- कृषकहरुले प्रयोग गर्दै आएका कम उत्पादनशील प्रविधिको सट्टा बढी उत्पादनशील नयाँ प्रविधिको प्रयोग गराउने ।
- बजारको मागका आधारमा व्यावसायिक रुपमा आउन सक्ने बालीको पहिचान, विकास र बजार प्रबर्द्धन ।
- समयानुकूल सरल, सस्तो र प्रभावकारी नयाँ प्रविधिहरु कृषक समक्ष पुऱ्याउने ।
- व्यावसायिक रुपमा आउन सक्ने बालीहरुको पकेट क्षेत्रको छनौट गरी व्यावसायिकरणका लागि प्रोत्साहन गर्ने ।
- गुणस्तरीय वीउको पहिचान गरी खरीद गर्न लगाउने ।
- रोग र किराको पहिचान गरी विषादी प्रयोग गर्न लगाउने ।
- कृषकहरुको तालिम र क्षमता विकास ।
- कृषि विमाको प्रबन्ध ।

- कृषकहरुलाई अनुदान सहायता ।

## ४. गत आ.व.मा संचालित विकास आयोजना तथा कार्यक्रमहरुको विवरण:

| आयोजना/कार्यक्रम | लक्ष्य | उपलव्धी | कैफियत |
|---|---|---|---|
| प्राविधक सेवा उपलव्ध गराउने | • धान, माछा मौरी बेमौसमी तरकारी आदी सम्बन्धी | • प्राविधिक सेवा उपलव्ध गराईएको ।<br>• माछा पालन व्यवसायिक रुपमा प्रवर्द्धन हुँदै गएको । | |
| नतिजा प्रदर्शन गर्ने | • उत्कृष्ट कृषक, बाली आदीको सम्बन्धमा नतिजा प्रदर्शन गर्ने | • सिकाई आदान प्रदान भई ज्ञान हासिल भएको । | |
| आईपीएम पाठसाला | • पाँच ओटा संचालन गर्ने । | • पाँच ओटा संचालन भएको । | |
| घुम्ती तालिम संचालन | • दुई दिने घुम्ती तालिम संचालन गर्ने । पाँच ओटा | • घुम्ती तालिम संचालन भएको । | |
| कृषि विमा | • कृषि विमाका लागि अनुगमन गरी सिफारीस गर्ने | • कृषि विमा गर्नेको संख्या बढ्दै गएको । | |
| अनुदान लक्षीत कार्यक्रम | • युवा लक्षीत कार्यक्रम संचालन गर्ने<br>• माछा पालनमा सहयोग गर्ने<br>• फलफुलका विरुवा वितरण गर्ने<br>• बेमौसमी तरकारीका लागि मिनी किट वितरण गर्ने | • युवा लक्षीत कार्यक्रममा सिप विकासका लागि प्रति व्यक्ति साठी हजार प्रदान<br>• ५ कठ्ठा भन्दा बढी माछा पालन गर्नेलाई प्रतिकठ्ठा दश हज्जार अनुदान ।<br>• फलफुलका विरुवा वितरण ।<br>• मिनिकीट वितरण र अनुगमन । | |

## ५. सरोकारपक्षको चाहना तथा लक्षित बर्गलाई सुविधा दिन विगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरु :

- नगरपालिका सँगको साझेदारीमा कृषकहरुलाई तालिम प्रदान गरीएको ।

- नतिजा प्रदर्शनका लागि कृषकहरुको भ्रमण गराईएको ।
- कृषि विमालाई अभियानका रुपमा लान प्रचार प्रसार गरीएको ।
- नगरपालिका सँगको साझेदारीमा आईपीएम पाठसाला संचालन गरीएको ।
- युवा लक्षीत कार्यक्रम संचालनका लागि प्रचार प्रसार गरीएको ।
- माछापालनलाई प्रवर्द्धन गर्न एवम आय प्रतिस्थापन गर्न माछा पालन कृषकहरुलाई अनुदान प्रदान गरीएको ।
- बेमौसमी तरकारी खेतीका लागि विभिन्न निकायहरुसँग मिली तालिमहरु संचालन गरीएको ।

## आयोजना तथा कार्यक्रम संचालन गर्दा भोगेका समस्याहरु

- सीमित साधन र असिमित मागको वीचमा तालमेल काम गर्नु ।
- नागरीकका धेरै कृषि सँग सम्बन्धीत समस्या समाधान गर्नु ।
- कृषि विमालाई तल्लो तह सम्म पुऱ्याउन नसक्नु ।
- कृषिलाई आधुनिकीकरण र व्यवसायिकरण गर्न नसक्नु ।
- नगरपालिकाको प्राथमिकतामा कृषि भन्दै गैह कृषि क्षेत्र पर्नु ।
- सीप, क्षमता र लगन हुने सँग जमिन नहुनु र जनीन हुने सँग लगन नहुनु ।
- जमिनको अत्याधिक र अव्यवस्थित खण्डिकरण ।
- भु उपयोग नीति लागू नगर्नू ।

## भावि कार्यक्रम र सुझावहरुः

- कृषि विकासका लागि स्थानीय निकायले नेतृत्व लिनु पर्ने ।
- भु उपयोग नीति लागू गर्नु पर्ने ।
- कृषिलाई आधुनीकिकरण र व्यवसायिकरण गर्न कृषकलाई ऋृण अनुदान र सौलियतको व्यवस्था हुनु पर्ने ।
- कृषि उपजको बजारीकरणका लागि सरकारी सम्यन्त्रबाट सहयोग र न्यूनतम मूल्य तोक्ने काम हुनु पर्ने ।
- कृषि विमालाई अभियानको रुपमा संचालन गर्नु पर्ने ।
- जमीनको खण्डिकरणलाई रोक्नु पर्ने ।
- सिचाईको प्रवन्ध गर्नु पर्ने ।

## १०.सामाजिक परीक्षणबाट देखिएका सवल पक्षहरु

सामाजिक परीक्षण प्रकृयाले सामाजिक दायित्व निर्वाह गर्ने काम स्थानीय निकायले कति गरिरहेको छ भन्ने लेखाजोखा गरेको छ। यो क्रममा देखिएका सवल पक्षहरु निम्न अनुसार उल्लेख गर्न सकिन्छ।

- ❖ नगरपालिकालाई खुला दिशा मुक्त क्षेत्र घोषणा गर्न सहयोग र सफल।
- ❖ कोसीहरैंचा नगरपालिका मोरङ नगरपालिकामा काममा जनसहभागिता राम्रो पाईयो।
- ❖ उपभोक्ताले पेश्की विना पनि काम गर्ने गरेकाले बेरुजु रकम शुन्यमा झरेको पाईयो।
- ❖ सामाजिक परिक्षण बृहत छलफलमा नगरबासीको उल्लेख्य तथा उत्साहजनक सहभागिता रहेको
- ❖ सामाजिक परिक्षण कार्यक्रममा नगरबासीबाट आएका अपेक्षालाई सकेसम्म सम्वोधन गर्ने कार्यकारी अधिकृतको प्रतिबद्वता आउनु।
- ❖ खानेपानी तथा सरसफाई, महिला हिंसा विरुद्धका अभियानहरु र सुधारिएको चुलो निर्माण, विकासमा महिला सहभागिता अभिवृद्धिका लागि ती संस्थाहरुको भूमिका प्रभावकारी देखिएकोछ।
- ❖ नगरपालिकाले गरेका कामको बार्षिक रुपमा आम सञ्चारका माध्यमबाट सार्वजनिक हुनेगरेको।
- ❖ कोसीहरैंचा नगरपालिका मोरङ नगरपालिकामा क्रियाशिल राजनीतिक दलहरु, विषयगत कार्यालयहरु र नागरिक संगठनहरुबीच सहकार्य र समन्वय भएको देखिएको।
- ❖ नगरपालिकाले विकास आयोजनाहरु सञ्चालन गर्दा स्थानीय स्वायत्तसाशन ऐन तथा नियमावली तथा आर्थिक प्रशासन नियमावलीहरुलाई ध्यानमा राखेर अघी बढेको पाईयो।
- ❖ नगरपालीकाको नगरपरिषद, नगर तथा वडा भेला, सामाजिक परिक्षण, सार्बजनिक सुनुवाई जस्ता सार्बजनिक काममा उत्साहजनक जनसहभागिता हुने गरेको सामाजिक परिक्षणबाट देखीयो।
- ❖ राजश्व बृद्धि गर्न सफल
- ❖ कार्यक्रम बजेट निर्माण गरी कार्यन्वयन गरिएको।
- ❖ कोसीहरैंचा नगरपालिका मोरङ नगरपालिकाले आदिवासी तथा जनजाती समन्वय समिति, दलित वर्ग उत्थान समन्वय समिती र महिला समन्वय समितिहरुलाई बजेट तर्जुमामा पूर्णतः जिम्मेवार बनाएको छ। ती समितिहरुले योजना छनौट र तर्जुमामा भाग लिई विषयगत वजेटहरु परिषदबाट स्वीकृत गराएका छन्। साथै प्राप्त बजेटहरुको कार्यान्वयन आफ्नो समितिको सिफारिसमा गराएका छन्
- ❖ नगरपालिका भएको अनुभुति नगरबासीहरुले गर्दै गरेको पाईयो।
- ❖ सिमान्तकृत वर्गका लागि नगरपालिका बाट विशेष कार्यक्रम सञ्चालन गरेको पाईयो।
- ❖ नगरपालिकाका संरचना लैङ्गीक तथा अपांगमैत्री भएको पाईयो।
- ❖ नगरको सेवा प्रवाहलाई जवाफदेही बनाउन सूचना अधिकारी, गुनासो सुन्ने अधिकारी, उजूरी पेटीका आदिको प्रबन्ध गरेको पाईयो।

❖ वडा नागरीक मञ्च, नागरिक सचेतना केन्द्रले योजना तर्जुमा, कार्यान्वयन, प्रतिफल वितरण सम्ममा नगरपालिका सँग साझेदारी र सहकार्य गर्ने गरेको पाईयो ।

❖ बाल भेला मार्फत बालअधिकार संरक्षणका लागि काम गरेको पाईयो ।

❖ विपत व्यवस्थापनका लागि नगरपालिकाले पूर्व तयारी गरेको पाईयो ।

❖ नगरपालिकाले सेवाग्राहीको सुविधाको लागि नागरिक बडापत्र, पत्रपत्रिका, पानि, टेलीभिजनको व्यवस्था गरेको पाईयो ।

## ११. सामाजिक परीक्षणबाट देखिएका चुनौती तथा कमि  कमीकमजोरीहरु

❖ नगरपालिकाको भोगाई तथा उपभोक्ताको अनुभवमा लागत सहभागिताका लागि बजार क्षेत्रका उपभोक्ता उत्साही देखीएपनि ग्रामीण क्षेत्रका विपन्न उपभोक्ताबाट रकम उठाउन चुनौती रहेको पाईयो ।

❖ नगरपालिकाले नगरबासीसंग फोहोर व्यबस्थापनका लागि कर लिन थालिसकेकाले फोहोर व्यबस्थापन प्रणालीलाई चुस्तदुरुस्त पार्दै लैजान र फोहोर व्यबस्थापनमा नगरबासीको सहभागिता बृद्धि गर्नु चुनौतीपूर्ण रहेको ।

❖ नगरपालिकामा सम्वन्धित फाटमा मुख्य कर्मचारी नभएपनि बैकल्पिक कर्मचारीबाट काम हुने व्यबस्था मिलाउनुपर्ने भन्ने उपभोक्ताको गुनासो पटक पटक आउदा पनि नगरपालिकाले यसलाई गंभिर रुपमा लिएको नपाईएकाले यसतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

❖ जनसख्याको आधारमा योजना छनौटमा चुनौती ।

❖ बाल अधिकार र अपांगता भएका नागरिकको अधिकार सुनिश्चितताका लागि थप ध्यान दिने ।

❖ योजनाहरु साना रकममा अधिक हुनाले प्रविधिक अनुगमनमा तथा मूल्यांकन प्रभावकारी रुपमा गर्न नसकिएका

❖ नगरको विकासका लागि केन्द्रिय बजेमा र्निभर हुनु

❖ विभिन्न कार्यालय, संघसंस्थाका नगर क्षेत्रका योजनालाई नगर योजनामा समावेस गर्ने गरी आपसी समन्वय र सहकार्यका विकास आयोजनाहरु संचालन गर्नु पर्नेछ ।

❖ सुशासन तथा पारदर्शिताको लागि बार्षिक बुलेटिन, राजश्व दर्पण प्रकासन, राजश्वका दररेट तथा एकीकृत सम्पत्ति करको दररेट वेभसाईटमा सार्वजनिक गर्ने, नगर रेडियो कार्यक्रम, सार्वजनिक सुनुवाई तथा सार्वजनिक परिक्षण गर्नु पर्नेछ ।

❖ पशुबधशालाका लागि जग्गा खोजी गरि निर्माण गर्नुपर्ने

❖ महिला,दलित जनजाति तथा पिछडिएका गरिव वर्गका लागि खास आधुनिक कृषि व्यवसायीकरणका कार्यकम ल्याउन नसक्नु

❖ कतिपय केन्द्रीय स्तरका कार्यक्रमको अख्तियारी ढिलो प्राप्त हुने हुँदा पहिलो र दोस्रो चौमासिक अवधिको कार्यक्रम सम्पादन गर्न कठिनाई  भईरहेको ।

- ❖ योजना छनौट तथा प्राथिमिकीकरण गर्दा सरोकारवाला संघसंस्थाहरु, पूर्व जनप्रतिनिधिहरु र लक्षीत समुहका अर्थपूर्ण सहभागिता गराई कार्यविधि अनुसार लक्षीत समुह विकासको लागि बजेट बृद्धि गर्नु पर्नेछ ।

## १२. **सामाजिक जिम्मेवारी पुरा गर्न कोसीहरैंचा नगरपालिका मोरङले चाल्नुपर्ने कदम वा सुझावहरु**

- ❖ नगरपालिकाले सम्पन्न गरेका कामको जानकारी नगरबासीले तत्काल पाउन सक्ने गरी वेभसाईड मार्फत सार्बजनिक गर्नुपर्ने तथा कार्यालयको अभिलेखमा व्यबस्थित गर्नुपर्ने ।
- ❖ सेवा सुविधा प्रवाहमा तदरुकता अपनाई सहज, पारदर्शिता र जवाफदेहिपूर्ण गराउनु अत्यावश्यक भएको ।
- ❖ नगरपालिकाको स्वामित्वमा रहि उपयोगमा आउन नसकेको जग्गाहरु व्यबस्थित गर्नुपर्ने तथा भौतिक पूर्वाधार सम्पत्तीहरुलाई प्रयोगमा ल्याउन कदम चाल्नुपर्ने देखिन्छ ।
- ❖ खुला दिशामुक्त नगरपालिका घोषण भई सकेकोले पूर्ण सरसफाई नगर घोषका कार्यक्रम संचालन गर्नुपर्ने ।
- ❖ पर्यटनमुलक व्यवसाय गर्न सहयोग पुग्ने सीपमुलक तालिममा जोड दिईनुपर्ने ।
- ❖ दरवन्दी अनुसारको कर्मचारीको व्यवस्था र उनिहरुलाई समय सापेक्ष क्षमता अभिवृद्धि गराउनु पर्ने ।
- ❖ बालश्रम तथा बाल विवाहमा न्यूनिकरण गर्न सवै विद्यालयहरु, वडाहरुमा बाल क्लब गठन गरी नगरस्तरीय संजाल बनाई समुदाय स्तरमा सचेतना अभियान संचालन गर्नु पर्नेछ ।
- ❖ पूर्ण साक्षर नगरपालिका घोषणाका लागि आवश्यक पहल गर्नुपर्ने ।
- ❖ विद्यालयहरुमा विभिन्न सिर्जनात्मक क्रियाकलाप संचालन, अनुगमन र सहजिकरणको माध्यमबाट शैक्षिक वातावरणमा सुधार गरी कक्षा छोडने, दोहोऱ्याउने दर न्यूनीकरण गरी उत्तिर्णा दर बढाउनु पर्नेछ ।
- ❖ नगरपालिकामा यथेष्ट जनशक्ति र नविनतम प्रविधिको प्रयोग बढाउन जरुरी देखिन्छ । यसबाट स्थानीय नागरिकहरुलाई सेवा सुविधा प्रवाहमा सहजता आउनेछ ।
- ❖ महिला, दलित जनताति एव बिपन्न पिछडिएका वर्गका लागि सामाजिक, आर्थिक र शैक्षिक विकासका लागि आधुनिक कृषि तथा पशुपालन व्यवसायलाई बढवा दिदै स्वरोजगारमुलक कार्यक्रमहरुको पहिचान गरी कार्यन्वयनमा ल्याउनु पर्ने ।
- ❖ नगरको फोहरमैलालाई घर घरबाटै वर्गिकरणको माध्यमबाट न्यूनिकरण गरि फोहरबाट मोहरको अवधारणलाई विकास गरि फोहर विर्सजन कार्यमा न्यूनीकरण गर्नुपर्ने ।
- ❖ वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रका सदस्यहरुलाई पनि वढि कृयाशील बनाई स्थानीय योजनाहरुको प्रभावकारी कार्यान्वयन र अनुगमनमा सहयोग पुग्ने देखिन्छ ।
- ❖ यातायताको साधनको अधिक मात्रामा वृद्धि भएकाले उचित ठाँउमा पार्किङ तथा बस पार्को व्यवस्था मिलाउनु पर्ने ।

- ❖ नगर क्षेत्रको दिर्घकालिन विकासको लागि एकीकृत शहरी विकास योजना निर्माण, विभिन्न बिनियमावली, कार्यविधि, निर्देशिका तयार गरी शहरी सुशासनमा सुधार ल्याउनु पर्नेछ ।
- ❖ पर्यटनको अधिक सम्भावना रहेकोले नगर पर्यटकीय क्षेत्रको पहिचान सहित नगर पर्यटन गुरुयोजना निर्माण गर्नुपर्ने ।
- ❖ नगरक्षेत्रको लोहोन्द्रा र सुकुना खोलामा दीगो रुपमा बाँधको व्यवस्था गर्नुपर्ने ।
- ❖ नगर क्षेत्रमा खोलीएका नयाँ सडकहरुको लगत कायम गरी नेपाल सरकारको नाममा ल्यायनु पर्ने ।
- ❖ राष्ट्रिय भवन निर्माण सहिंता कडाईका साथ लागु गर्नुपर्ने ।
- ❖ बाघझोडा, किचम गडी , कालीखोला क्षेत्र, भुल्के जलाधार क्षेत्र लगायतको संरक्षण र विकास गर्दै पर्यटकिय पूर्वाधार निर्माणमा जोड दिने ।
- ❖ खेल मैदानहरुको पहिचान र विकास गर्ने ।
- ❖ बस पार्कका लागि जमिनको प्रबन्ध र लगानी सुनिश्चीत गर्ने ।
- ❖ बोटानीकल पार्क सहरी सोन्दर्य बृद्धि लगायतका विषयलाई सम्बोधन गर्न रणनितिक कार्ययोजना तयार गर्ने ।
- ❖ सडकको क्षेत्राधिकारलाई बचाउन जैविक घेराबेरा वा जीविको पार्जन सँग जोड्ने ।
- ❖ पूर्बान्चल विश्व विद्यालय शिक्षण अस्पताल सँग प्राथमिक स्वास्थ्य चौकी र प्राथमीक स्वस्थ्य केन्द्रको सेवालाई लिंक गर्ने ।
- ❖ मोरङ जिल्लामा सबैभन्दा धेरै सहकारी भएको (दोश्रो ठूलो समेत) नगरपालिका भएको हुनाले सहकारीको पूजीलाई स्वरोजगारी सृजना, कृषिलाई आधुनिकिकरण विविधिकरण एवम गरीवि निवारणको आधारको रुपमा विकास गर्ने ।

## निश्कर्ष

सामाजिक परीक्षण एक प्रकारको सामाजिक उत्तरदायित्वको लेखाजोखा गर्ने पद्धति भएकाले कोसीहरैंचा नगरपालिका मोरङले पहिलो पटक यो कार्यक्रम संचालन गरेको हो । यसको लागि विभिन्न संघ, संस्थाहरु छनौट गरी विश्लेषण गरीएको थियो । विश्लेषणबाट कार्यालयको समग्र सामाजिक उत्तरदायित्वको अवस्था मिश्रित पाईयो । केही आश लाग्दा उपलब्धिहरु हासिल भएको पाईयो भने केही कमीकमजोरीहरु पनि यस परीक्षणको क्रममा देखिए । पुर्वाधार विकासवाट प्राप्त विकासका अवसरहरुलाई आम नागरीकहरुको प्रत्यक्ष संलग्नतामा सामाजिक विकासलाई अघि वढाउन सफल भएको पाईन्छ । स्थानीय निकाय नियमावली, स्थानीय स्वायत्त शासन नियमावली र आर्थिक नियमावलीलाई पूर्ण रूपमा पालना गर्दै स्थानीय विकासमा कोसीहरैंचा नगरपालिका मोरङले उल्लेखनीय कार्यहरू गर्दै आएको छ । सामान्यतया कार्यक्रम गर्नका लागि सर्वप्रथम योजनाको आवश्यकता पर्दछ । यसका लागि यस नगरपालिकाले टोल बस्तीदेखि नै योजनाहरूको माग गर्ने, विभिन्न आवश्यक प्रकृयाहरू पूरा गरी योजना तथा कार्यक्रमलाई नगर परिषदबाट पारित गरेपछि मात्र कार्यक्रमहरू

संचालन गर्ने गरेको पाइएको छ । त्यस्ता कार्यक्रमहरू नियमसंगत ढंगमा योजना निर्माण गरी योजनाअनुरूप नै संचालन गरिएका देखिन्छन् । कोसीहरैंचा नगरपालिका मोरङको नेतृत्वमा नगरपालिकामा विकासको क्षेत्रमा काम गर्ने स्थानीय निकायहरु, विभिन्न सरकारी, गैर सरकारी तथा नीजि संस्थाहरुले गर्ने कामहरुलाई एकत्रित गर्न गरेको प्रयासको कारण विकासको क्षेत्रमा काम गर्ने निकायहरुको वीचमा समन्वय भई दोहोरोपनलाई न्युनीकरण गर्न सहयोग मिलेको देखिन्छ ।

यस अध्ययनबाट नगरपालिकाले आफ्नो सेवा लाई अझै चुस्त, दुरुस्त पार्नुपर्ने देखिएको छ । नगरपालिकाले प्राथमिकतामा राखेको बालमैत्री नगर घोषणा कार्य वर्तमानको न्यून बजेट तथा बालबालिका लक्षित कार्यक्रम नहुनाले बालमैत्री कार्यक्रम ओझेलमा परेको देखिन्छ । यहाँका बाल क्लब, बाल विकास केन्द्र र मदरसाहरुको अवस्था पनि नगरपालिकाको सानो सहयोगबाट उन्नत बन्न सक्ने अवस्थामा रहेको देखिदैन । कोसीहरैंचा नगरपालिका मोरङले विधुतिय सुशासन कार्यक्रम प्रभावकारी बन्न सकेको पाइएको छैन । विधुत आपूर्ति ज्यादै नै न्यून हुनु भए पनि भोल्टेज नहुनु यँहाको प्रमुख समस्या रहेको छ ।

यस कोसीहरैंचा नगरपालिका मोरङ नगरपालिकाको विभिन्न कार्यक्रमका लागि समयमा बजेट निकाशा हुन आवश्यक छ । तर वर्तमान परिपाटी कस्तो देखिन्छ भने आर्थिक वर्षको अन्ततिर बजेट निकासा गरिने हुँदा परियोजनाहरु हतारमा सम्पन्न गरेको देखियो । यसबाट परियोजनाहरु स्तरीय रुपमा सम्पन्न गर्न भन्दा पनि काम सक्ने र बजेट फ्रिज हुन नदिने कार्यले प्राथमिकता पाउने गरेको छ । त्यस्तै कोसीहरैंचा नगरपालिका मोरङ नगरपालिका विषयगत कार्यालयहरुले तथ्यांक र सुचना अभिलेखिकरणमा एकरुपता आउन सके मात्र विकासको सुचकहरुलाई बढी परिष्कृत गर्न सकिन्छ । यसकालागि स्थानीय निकाय लगायत सबै विषयगत कार्यालयहरु तथा गैससहरुले अनुगमन प्रणालीलाई कार्यान्वयनमा लैजान तिव्रता दिन सिफासि गरिन्छ ।

सामाजिक परीक्षणको क्रममा सुझाईएका विषयहरुलाई गम्भीरतापूर्वक लिई आगामी दिनमा कमी कमजोरी सकभर नदेखिने गरी विपन्न वर्ग, दलित वर्ग, जनजाती, महिला, वालवालिका तथा पिछडिएका वर्ग, अपांग, जेष्ठ नागरिकको उत्थानमा गम्भीर प्रयास गर्नु आवश्यक रहेको छ ।

**सन्दर्भ पुस्तकहरु :**


- स्थानीय स्वायत्त शासन ऐन २०५५
- स्थानीय स्वायत्त शासन नियमावली २०५६
- स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि २०६७
- स्थानीय निकाय स्रोत परीचालन कार्यविधि, २०६९
- नगरपार्श्व चित्र कोसीहरैंचा नगरपालिका मोरङ २०७२
- आर्थिक बर्ष २०७१।७२ मा सम्पन्न गरेका केही योजनाहरुको अनुगमन ।

- विगतका नगरपरिषदले गरेका निर्णयहरु ।
- कोसीहरैँचा नगरपालिका मोरङ नगरपालिकाको बाार्षिक समिक्षा प्रतिवेदन, २०७२
- कोसीहरैँचा नगरपालिका मोरङ नगरपालिकामा लागु गरिएका विनियमावली, विभिन्न कार्यविधि, निर्देशिकाहरु
- कोसीहरैँचा नगरपालिका मोरङ नगरपालिकाको आर्थिक बर्ष २०७१/७२ को यथार्थ आय व्यय योजना तथा कार्यक्रम र बजेटगत संक्षिप्त विवरण, २०७२
- 
- कोसीहरैँचा नगरपालिका मोरङ नगरपालिका सार्बजनिक सुनुवाईको प्रतिवेदन ।
- कोसीहरैँचा नगरपालिका मोरङ नगरपालिकाको आवधिक योजना ।
- अवलोकन र समूह छलफलबाट प्राप्त विबरण ।
- कोसीहरैँचा नगरपालिका मोरङ नगरपालिकाको नागरिक बडापत्र ।
- कोसीहरैँचा नगरपालिका मोरङ नगरपालिका कार्यालयमो वेबसाईट ।
- विषयगत कार्यालयहरुको वेबसाईट तथा प्रकाशनहरु ।